# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY



पुस पूर्णिमा

लुम्बिनीमा धर्मकीर्ति विहारबाट बनाएको चैत्य

वर्ष- १५ अङ्क- ९ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

DHARMAKIRTI

Downloaded from http://www.dhamma.digital

सम्पादकीय,

# लुम्बिनी र कपिलवस्तुको सुरक्षा

धेरै समय अगाडिदेखि बुद्ध जन्मभूमी लुम्बिनी बारे बिभिन्न वाद विवादहरू भ्रमको रुपमा फैलिरहेको सुनियो। यस प्रकारको अनावश्यक भ्रमबारे पत्र पत्रिकामा चर्चा परिचर्चा पनि निकै भएको देखिन्छ। तर लुम्बिनी कहाँ छ त भन्ने प्रश्नको सीधा उत्तर हाम्रो अगाडि यसरी रहेको छ- "लुम्बिनी नेपाल अधिराज्य भित्र रहेकोछ" । यस कुराको प्रमाणको रुपमा लुम्बिनीमा बुद्ध जन्मेको हो भनी सम्राट अशोकले शीलास्तम्भ गाडिदिनु भएकै छ। त्यसैले निश्चित रुपमा हामीले भन्न सक्छौं, बुद्धको जन्मभूमी लुम्बिनी नै हो । त्यति मात्र कहाँ हो र । संसारका थुप्रै बुद्ध धर्मावलम्बीहरू बुद्धको जन्मस्थल लुम्बिनीको दर्शनार्थ आइरहन्छन्। फेरि पनि किन होला, बुद्धको जन्मस्थल लुम्बिनी हो की होइन भन्दै अनर्गल तर्क वितर्कहरू उठिरहेका ?

श्रीलंका र थाइल्याण्डबाट निस्केका कुनै कुनै पुस्तकहरूमा - बुद्धको जन्मभूमी उत्तरी भारतमा भएको हो भनी यदाकदा उल्लेख गरिएको पाइन्छ। तर यो अज्ञानताको कारणले उब्जीएको कुरो मात्र ठहरिन्छ। यस अज्ञानताको मुख्य कारण यसरी देखिन्छ - पाली साहित्यमा बुद्धको जन्म जम्बुद्वीपमा भएको हो भनी उल्लेख गरिएको छ। त्यस समयमा जम्बुद्वीप भनेको एक ठूलो भू-भागको रुपमा रहेको थियो। फलस्वरुप त्यस समयमा भारत र नेपाल (जम्बुद्वीप भित्र रहेका देशहरू) अलग्ग अलग्ग देशहरूको रुपमा छुट्टाइएका थिएनन् । तर पछिससाना देशहरू टुक्रिंदै र छुट्टिंदै गए। पछि बौद्ध तीर्थस्थल सारनाथ, बुद्धगया, कुशीनगर र श्रावस्ती (जहाँ बुद्धले २५ बर्ष बिताउनु भयो) यी सबै स्थानहरू हालको भारत देशभित्र नै परेकाछन् भने लुम्बिनी, कपिलवस्तु र देवदह नेपालको सिमाना भित्र परेका छन्। तर श्रीलंका निवासी कसैले भारतलाई जम्बुद्वीपको रुपमा लिन थाले।

हाल भारत सरकारले पनि बुद्धको जन्मस्थल लुम्बिनी नै हो भनी स्वीकारेका छन्। तर हाल शुद्धोदन राजाको राजधानी कपिलवस्तु विवादको रुपमा रहन पुगेको देखियो। किनभने भारतले पिपरहवा (नक्कली कपिलवस्तु) लाई सक्कली कपिलवस्तुको रुपमा दावी गर्न पुगेका छन्। जे होस्, त्यस स्थानसम्म पनि शुद्धोदन राजाको राज्य फैलिरहेको थियो नै। तर पिपरहवामा गरिएको उत्खनन् कार्यबाट प्राप्त भएको खण्डहरहरूले राजदरवारका चिन्हहरू देखाउन सकेका छैनन् । ती खण्डहरहरू त भिक्षुहरू बसोबास गर्ने विहारहरूको हो भन्ने कुरा प्रष्टिन्छ । उत्खनन्बाट त्यहाँ भिक्षुहरूको भिक्षा मात्र र ठूलो स्तूप पनि फेला परेको सुनियो। अर्को एक स्मरणीय कुरो के रह्यो भने हाम्रो तिलौराकोट कपिलवस्तु को वातावरणलाई पालि साहित्यमा यसरी उल्लेख गरिएको देखिन्छ। - बाणगंगा नदी नजिकै बगिरहन्छ र हिमालयलाई स्पष्टसंग देखिन्छ। यही वर्णनलाई साक्षीको रुपमा लिई विदेशीहरूले असली कपिलवस्तु नेपालभित्र समाविष्ट रहेको भू-भाग हो भनी मानेका छन्। तर दुःखको कुरो, यही असली कपिलवस्तु हाल उपेक्षित अवस्थामा फ्याँकिएको छ। किन होला ? यस पवित्र स्थानको रेखदेख हुन सकिराखेको छैन । किनभने लुम्बिनीदेखि कपिलवस्तुसम्म पक्की सडक एउटा पनि निर्माण हुन सकेको छैन। त्यति मात्र होइन , सम्बन्धित इलाकाहरूलाई वार लगाउँदै घेरी सो ठाउँको सुरक्षा सम्बन्धि प्रवन्धसम्म पनि मिलाउन सकिराखेको देखिँदैन। वर्षायाममा बाटो सबै हिलाम्मे भएर आवट जावट गर्न कठिनाई भइराखेको देखिन्छ। कपिलवस्तुको यस नाजुक अवस्थालाई देख्दा त यस पवित्र स्थानलाई भारतले लिएको खण्डमा त्यहाँ कति राम्रो व्यवस्था भइसक्यो होला र सो स्थानको सुरक्षा सम्बन्धी कार्यले कति राम्रो मोड लिइसक्यो होला भन्ने अनुमान गर्न सकिन्छ। तर हालसम्म यस विषयमा उत्तर दिनको लागि जिम्मेवार ब्यक्ति हाम्रो अगाडि छैनन्। बिदेशीहरूले यसरी पनि आरोप लगाउन पुगेका छन् - "नेपाल हिन्दू राज्य भएकोले पनि कपिलवस्तुको यस्तो दूर्दशा भैराखेको हो" । तर जसले जेसुकै भनोस् हाम्रो विचारमा कपिलवस्तुको नाजुक स्थितीबारे ध्यान दिनु हामी सबैको कर्त्तब्य हो । किनभने यस पवित्र स्थान हाम्रो देश नेपाल अधिराज्यको अमूल्य सम्पत्तिको रुपमा रहेको छ। नेपाल सरकारले यस स्थानको सुरक्षा कार्य तिव्ररुपले अगाडि बढाउनु परेको देखिन्छ । यस कार्यले हाम्रो मातृभूमी नेपाल आमा र हामी सारा नेपाली सन्ततीको नै भलाई हुनेछ भन्ने हाम्रो आशा एवं विश्वास रहेको छ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**

व्यवस्थापक
**चिनीकाजी महर्जन**

सम्पादक
**भिक्षुणी वीर्यवती**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २५५९६०, २२७१५०

प्रकाशक व विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २२०४६६

बुद्धसम्वत् २५४१
नेपालसम्वत् १११८
इस्वीसम्वत् १९९८
बिक्रमसम्वत् २०५४

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
A BUDDHIST MONTHLY

January 1998


| वर्ष- १५ | अङ्क- ९ | मिलापुन्ही | माघ २०५४ |
|---|---|---|---|





★ आफ्नै पूर्वाग्रहले मात्र कल्पना गरिएको मनलाई महत्व दिने र जबर्जस्ती वाद-विवाद गर्ने मानिसलाई सम्झाउनु या शान्त गराउनु कठिन छ ।

★★★

★ म बूढो हुने नै छुँ भन्ने विचार मनमा भयो भने उक्त मानिसको जवानीको जोश नष्ट भएर जान्छ । यो जवानीको मदको कारण मानिसले शरीर, वचन र मनले पाप गर्दछ । तर जसले यो स्मरण राख्दछ कि, म खूद बूढो हुने छुँ, त्यसको लागि मानमद नष्ट भएर जान्छ, नष्ट नभए पनि केही कम त हुन्छ नै ।

Downloaded from http://www.dhamma.digital

# बुद्ध गयामा हुने भिक्षुणी उपसम्पदा बारे

यही आउँदो 15th - 23rd Oct सम्ममा हुन गइरहेको भिक्षुणी उपसम्पदा शुभ पुनीत कार्यका लागि पठाइएका शुभकामना सन्देशहरू हामीलाई प्राप्त हुन आएको छ। उक्त सन्देश हाललाई अंग्रेजी भाषामानै प्रकाशित गरिएको छ। समयको अनुकूलतालाई ध्यान दिई पछि यसको नेपालीमा अनुवाद प्रकाशित गर्ने विचार गरेका छौं।

धर्मकीर्ति १५/७ अङ्कमा प्रकाशित अनगारिका ... भिक्षुणी विषयलाई लिएर प्रतिक्रिया स्वरूप कुनै छद्म व्यक्तिले हामीलाई लामो रचना पठाएको छ। उक्त रचना धेरै लामो भएको हुँदा र जिम्मेवारी नामबाट नपठाइएको हुँदा हाल यस अङ्कमा प्रकाशित नगरिएको जानकारी गराइन्छ। यदि उक्त रचनालाई संक्षिप्तमा जिम्मेवारी वहन गरी पुनः पठाइएको खण्डमा हामी प्रकाशित गर्न समर्थ हुने जानकारी गराइन्छ।

- प्रधान सम्पादक


ශ්‍රී ලංකා භික්ෂුණී ශාසනාභිවෘද්ධි සංවිධානය.

SRI LANKA BHIKKUNI RE - AWAKENING ORGARNIZATION

Tel - Fax 025- 4708

ROCK TEMPLE
DAMBULLA - SRI LANKA

රංගිරි දඹුලු [illegible]
රජමහාවිහාරය - දඹුල්ල


## BODHGAYA INTERNATIONAL FULL ORDINATION CEREMONY

### *Congratulation Message*

Rangiri Dambulla Chapter (Rangiri Dambulla Sangha Sabha) and Rangiri Dambulla Rock Temple do hereby place felicitations towards the Bodhgaya International Full Ordination Ceremony to be taken place during 15 to 23rd February, 1998.

The importance of instituting Bhikkuni Sasana in the Theravada Countries has now commenced drawing much consideration. At a stage of thus debut, I am happy to see that 10 of Sramanera Bhikkunis of Sri Lanka Bhikkuni Re-Awakening Organisation of my participation undergo this Full Ordination.

I beleive that this Full Ordination Ceremony would be of some assistance towards the anticipated Bhikkuni Ordination in Sri Lanka. Further, I am happy to be an organiser of Sri Lanka and wish every success for the welfare of all activities of the ceremony.

Thanking you,
Yours sincerely,

**Most venerable Inamaluwe Sri Sumangala Nayaka Thero,**
**Secretary General**, ( Dambulla Chapter),
**President,** Sri Lanka Bhikkuni Re-awakening Organisation.

15.10.1997




Downloaded from http://www.dhamma.digital

Message From
Ven. Dr. K. Sri Dhammananda Nayake Maha Thera
Malaysia

I am delighted to be given this opportunity to write a message on this historic occasion of the Full Ordination Ceremony of Bhikkhus and Bhikkuni at Bodh Gaya. Needless to say Bodh Gaya is certainly the best choice of location for such a momentous event because this is undoubtedly the most sacred spot for Buddhists the world over. For it was here more than twenty-five centuries ago that over lord, the Sakyamuni Buddha gained supreme enlightenment and then founded the Sangha order at Sarnath.

In the letter inviting me to participate in this event Ven. Hsin Ting, Abbot of Fo Kuan Shan stated that the decision to hold the ceremony for the ordination in India was in gratitude towards what the Chinese received from the Indian and Sri Lankan missionaries on the bhikkuni vinaya, it is now the Chinese duty to return the lost Bhikkuni lineage to their ancestors". These are noble sentiments indeed and in doing this Fo Kuang Shan is following the example of our Supreme Master who demonstrated the great virtue of gratitude by spending no less than one week to gaze at the Bodhi tree under which he had gained enlightenment.

The first Chinese bhikkuni was Chen Chien who was ordained as a novice samaneri by an all male group of monks, as then were no fully ordained bhikkunis to give her higher ordination. It was only in 429 A.D. upon the entreaty of the Chinese emperor that King Meghavarna of Sri Lanka dispatched eight Sinhalese nuns to China. These corageous women even mastered the Chinese Language within a few years of their arrival. They were followed in 433 A.D. by a further group of eleven nuns who landed in Nanking, making full ordination completely possible. Fao-Chien was the first Chinese nun to receive it. Although the order died out in Sri Lanka following the Chola attacks on Anuradhapura in 1017, the Chinese order has persisted in an unbroken chain up to the present day.

Our history records that our Supreme Lord was initially reluctant to ordain women into the Holy Order. This is certainly not, as some people are eager to claim, because He did not consider women worthy to follow the monastic discipline. There is enough evidence to prove that He certainly considered women to be just as capable as any man to reach the heights of spiritual attainments. Rather, He was concerned about the social implications of


Downloaded from http://www.dhamma.digital

women giving up the security of home in the India of 25 centuries ago. In fact His reluctance was justified when the Order of Bhikkunis died out first in India and then in every Theravada country after that. By a happy chance it was preserved in China and it is to China we turn today to revive this ancient tradition.

Although the ravages of time destroyed the order in South Asia, today we have a different story to tell. Thanks mainly to the developments in western civilization women today are increasingly taking their rightful place as the equals of men. More and more women the world over are getting better education, more economic freedom and independence. Once again, as in the time of the Buddha women are ready to attain their spiritual perfection like their male counterparts. But with a difference. During the time of the Buddha, only the women of northern India were privileged to seek ordination. Today, women from all over the world can become a part of this glorious spiritual lineage which has come down to us in an unbroken line through the ages.

There is no doubt that once again Theravadin Bhikkunis, if given the opportunity, will join their Mahayana sisters in doing tremendous spiritual and social service to the world today. I hope that this event will once again remind us to discard our differences and work towards the development of the EKAYANA (one way) ideal to reach the final bliss of Nirvana.

In conclusion I thank and congratulate Fo Kuang Shan for their wisdom and foresight in carrying out this Ordination Ceremony at Bodh Gaya. May all your efforts be crowned with success.

[ उपरोक्त सन्देश दिनेहरू मध्येमा श्रद्धेय डा. भिक्षु के. श्री धम्मानन्द नायक महास्थविर श्रीलंकाली (थेरवादी) बौद्ध प्रकाण्ड विद्वान हुनुहुन्छ । विगत दशकौं देखि क्वालालम्पुरमा बौद्ध विहार स्थापना गरी विभिन्न बौद्ध गतिविधिलाई अघि सार्दै विशेषतः बुद्ध धर्मलाई अंग्रेजी भाषामा अति महत्वपूर्ण विविध विषयका बारे ठूला-ठूला ग्रन्थहरूका रचनाकार हुनुहुन्छ । वर्तमान बौद्ध लोकमा उहाँ एक सुप्रशिद्ध बौद्ध भिक्षु हुनुहुन्छ भने उहाँ अंग्रेजी भाषामा धारावाहिक रूपमा बुद्ध धर्मको व्याख्याताको रूपमा सुपरिचित व्यक्तित्व हुनुहुन्छ । हाल उहाँ ७० औं वसन्त पार गरी सकेर पनि बुद्ध धर्मको विकासका लागि निरन्तर प्रयास गरिरहनु भएको कुरा यहाँ पाठकहरू समक्ष जानकारी गराइएको छ । ]



Downloaded from http://www.dhamma.digital

# BODHGAYA INTERNATIONAL FULL ORDINATION COMMITTEE

## Patrons

- *Sri Lanka*

**Venerable Pandith Talalle Dharmaloka Anunayaka Thero**
*Chief High Priest of Justice (Adhikorana Nayaka) for Western Province*
*Deputy Prelate of the Amarapura Sect*

**Venerable Prof. Kumburugamawe Vajira Maha Thero**
*Professor of Vidyalankara University, Sri Lanka*

**Venerable Dr. Waragoda Pemarathana Thero**
*Vice Chancellor, Buddhasravaka Bhikku University at Anuradhapura*

**Venerable Porawagama Somalankara Nayake Thero**
*Deputy Sangha Nayaka Thera of Southern Province*
*Chief Secretary, Sarvodaya Bhikku Congress*

**Venerable Inamaluwe Sumangala Nayaka Thero**
*Chief Secretary of Rangiri Dambulla Sangha Chapter*

**Ven. Kamburupitiye Nandarathana Thera**
*Chief High Priest of Western Province*

- *India*

**Venerable Dr. Mapalagama Wipulasara Maha Thero,**
*President, The Maha Bodhi Society of India*

**Venerable Dr. Rastrapala Mahathera**
*Founder, President-cum-Meditation teacher of International Meditation Centre, Bodhgaya*

**Venerable Dharmapal Mahathera**
*President of All India Bhikku Congress*

**Venerable Nyanainda Mahathera**
*Abbot of the Burmese Temple, Bodhgaya*

**Venerable Sanghasena**
*President of Mahabodhi International Meditation Center, Ladakh, India*

- *Taiwan*

**Venerable Master Shing Yun** - *Founder of Fokuangshan Buddhist Order, Taiwan*
**Venerable Ching Hsin** - *President of Chinese Buddhist Association, Taiwan*

- **Malaysia**

**Venerable Chin Ming** - *Ex-President of Malaysia Buddhist Association, Malaysia*
**Venerable Chi Huang** - *President of Malaysia Buddhist Association*
**Venerable Dr. Kirinde Dhammananda Maha Nayaka Thero,** *Chief Prelate of Malaysia*

- *Korea*

**Venerable Wol Ha** - *Supreme Patriarch, Korea Buddhist Chogye Order*
**Venerable Tong Joo Won Myuong** - 大韓民國曹溪宗戒壇委員
大韓民國海印寺禅能法師



Downloaded from http://www.dhamma.digital

- ***Mongolia***
  **Venerable Khamba Lama Choi-Jamts**
  *Gandan Monastery, The Center of Mongolian Buddhists*
- ***Gerat Britain***
  **Venerable Pandith M. Vajiragnana**
  *Sangha Nayake of Great Britain*
  **Venerable Lama Yeshe Losal Rinpoche**
  *Abbot of Kagyu Samye Ling Tibetan Centre, Scotland*
- ***USA***
  **Venerable Pandith Henepola Gunaratana**
  *Chief Sangha Nayaka of the United States & North America*
- ***Thailand***
  **Venerable Phra Kru Phiphit Prachanart**
  *Abbot of Samakki Temple*
  **Venerable Phra Maha Somchai Prohmsuwan-**
  *Assistant Abbot of Maha Chula Buddhist University*
  **Venerable Phra Maha Nibhon Subhadhammo**
  *Abbot of Dhammasopit Temple*
  **Venerable Phra Khru Sangha Wichai**
  *Abbot of Plukmailai Temple*
- ***Nepal***
  **Venerable Bhikkhu Sumangala** - *President of Religion and Peace Acadamy*
  **Venerable Bhikkhu Ashwaghosh** - *Editor-in-chief, The Dhammakirti (Buddhist Monthly)*
- ***France***
  **Venerable Thich Huyen - Yi** - *President of the World Linh-son Buddhist Congregation*

## Organizers

◇ **Sarvodaya Bhikku Congress, Moratuwa, Sri Lanka**
◇ **All India Bhikkhu Congress, India**
◇ **The Maha Bodhi Society of India**
◇ **Dambulla Rock Temple, Bambulla, Sri Lanka**
◇ **Fokuangshan Buddhist Order, Kaohsiung, Taiwan**

## Sub-organizers

◇ **International Buddhist Council, Bodhgaya, Gaya, Bihar, India**
◇ **Maha Bodhi International Meditation Center, Ladakh, India**
◇ **International Brotherhood Mission, Assam, India**
◇ **BLIA Delhi Chapter, Delhi, India**
◇ **BLIA Bodhgaya Chapter, Bodhgaya, India**
◇ **BLIA Calcutta Chapter, Calcutta, India**

## Sponsor

◇ **Buddha's Light International Association, World Headquarters, Los Angeles, USA**


Downloaded from http://www.dhamma.digital

अनुवाद

# श्रद्धेय डा. भिक्षु के. श्री धम्मानन्द नायक महास्थविरको (मलेशिया)

शुभ सन्देश !

बोध गयामा हुन गइरहेको भिक्षु-भिक्षुणीहरूका ऐतिहासिक पूर्ण उपसम्पदा दिक्षा महोत्सवका लागि सन्देश दिने सुअवसर पाउँदा म ज्यादै हर्षित भएको छु । यो भनीरहनु पर्दैन कि, संवेगनीय बुद्धगया जस्तो पवित्र स्थलको छनौट अति महत्वपूर्ण बनेको छ । किनभने यो स्थल सारा बौद्ध जगतका लागि अति नै पवित्र पूजनीय दर्शनीय स्थल हो । २५०० वर्ष अगाडि शाक्यमुनि बुद्धले यही स्थलमा सर्वज्ञ बुद्धत्व ज्ञान अववोध गर्नुभई सारनाथमा भिक्षु संघको (Sangha Order) स्थापना गरेका थिए ।

यस समारोहमा भागलिन पठाउनु भएको निमन्त्रणामा फो-कुआन-शान्का विहार प्रमुख श्रद्धेय शीन तीङ्ज्यूले उल्लेख गर्नुभएको छ कि भारतमा उपसम्पदा समारोह आयोजना गर्ने निर्णयको तात्पर्य चीनियाँहरूले भारतीय र श्रीलंकाली धर्मदूतहरूबाट अघि प्राप्त गरेका भिक्षुणी विनय (उपसम्पदा) बारे कृतज्ञता ज्ञापन गर्नु हो र अहिले आएर लोप भइसकेको भिक्षुणी परम्परा (श्रृंखला) लाई पुनः आफ्नै पुर्खाहरूलाई फर्काई दिनु चीनियाँहरूको कर्तव्य हुन गएको छ। अवश्य पनि यी महान भावनाहरू हुन् र यसो गरेर फो-कुआन-शानले हाम्रा परमगुरु (भगवान बुद्ध) को उदाहरण प्रस्तुत गरेको छ, जसले वोधिवृक्षमुनि बसी सम्बुद्धत्व प्राप्त गरी उक्त वृक्षलाई हप्तादिनसम्म एक टक हेरी कृतज्ञताको महान्-गुण दर्शाएका थिए ।

चीनियाली प्रथम भिक्षुणी चेन चीयन थिइन, जसलाई पुरुष वर्गका भिक्षुहरूबाट श्रामणेरीका रूपमा दिक्षा दिइएका थिए भने त्यतिबेला उनीलाई पूर्ण उपसम्पदा दिक्षा दिन चीनमा उपसम्पदा दिक्षित भिक्षुणीहरू थिएनन् । ई.सं. ४२९ मा चीनिया सम्राट राजा मेघावर्णले बिन्ती चढाए अनुरूप श्रीलंकाबाट आठजना सिंहाली भिक्षुणी (Nuns) हरू चीनमा पठाउने काम भयो । ती आठजना साहसी महिलाहरूले चीन आगमनको तीन वर्षमैं चीनिया भाषामा दखलता हासिल गरे । वहाँहरूले नान्किनका अघिल्ला आठजवान समूहका भिक्षुणीहरूलाई पूर्ण उपसम्पदा दिक्षा ग्रहण गराउनु भयो । यस दिक्षा प्राप्त गर्नेहरू मध्येमा फाओ चीयन प्रथम चीनिया भिक्षुणी थिइन् । ई.सं. १०७१ तिर अनुराधपुरमा छोलाहरूबाट आक्रमण भए पश्चात् श्रीलंकामा भिक्षुणी शासन (The Order) लोप भएतापनि चीनिया भिक्षुणी शासन अटूट रूपमैं आजसम्म विद्यमान भइरहेको छ ।

हाम्रो इतिहासमा वर्णन गरिए अनुसार प्रारम्भमा भगवान बुद्ध महिलाहरूलाई बुद्धशासन (Holy Order) मा भिक्षुणी बनाउन (दिक्षा) अनिच्छुक देखिन्थे । निश्चिन रूपमा यो सही कुरा होइन, भगवान बुद्धले महिलाहरू विहारिक विनय-नियम (Monastic dicipline) पालन गर्न योग्य मान्नु नभएको कारण दर्शाई केही मानिसहरूले त्यस्तो (भ्रमखेती) दावी गरेका हुन् ।



Downloaded from http://www.dhamma.digital

यहाँ यथेष्ट सबूतहरू छन्, जुन भगवान बुद्धले जो कोही पुरुषहरूले झैं महिलाहरू पनि निर्वाणमुखी धर्म अववोध गर्न उत्तिकै सक्षम छन् भनी भन्नुभएका कुराबाट प्रमाणित हुन्छ । बरु, उहाँ (भगवान बुद्ध) २५ सदी अघिको भारतमा घरको सुरक्षा त्यागी जाने महिलाहरूबाट हुने सामाजिक उलझन (Implication) विविध समस्याहरू बारे चिन्तित हुनुहुन्थ्यो । वास्तवमा पहिले पहिले भारतबाट र पछि हरेक थेरवादी देशहरूबाट भिक्षुणी संघ लोप भएर जानुबाट उहाँका आशंकाहरूलाई पुष्टी गर्दछ । खुशीको संयोगले यो (भिक्षुणी संघ) चीनमा सुरक्षित भएर रहेको छ र अहिले यस परम्परालाई पुनर्जीवित गर्न आज हामी चीन तिर नै फर्की रहेका छौं ।

युद्ध आदि विनाशकारी प्रभावले दक्षिण एशियामा भिक्षुणी शासन लोप भएर गएतापनि आजहामीसंग विभिन्न कथा-कहानिहरू बाँकी नै छन् । पश्चिम महिला सभ्यताको विकासलाई धेरै साधुवाद छ जसले पुरुष सरह महिलाहरूलाई अधिकारयुक्त स्थान ओगट्न उत्प्रेरित गर्दैछ । विश्वव्यापी रूपमा अधिकाधिक महिलाहरू उच्च शिक्षा, आर्थिक स्वतन्त्रता तथा स्वावलम्बीपना (स्वतन्त्रता) हासिल गर्दैछन् । बुद्धकालीन समयमा झैं महिलाहरू पुनः एक पटक पुरुष सरह आध्यात्मिक आदर्शता प्राप्त गर्न तम्सिएका छन् । फरक (अन्तरता) यति भएको छ कि बुद्धकालीन समयमा उत्तरी भारतीय महिलाहरूका लागि मात्र भिक्षुणी दिक्षा (Ordination) प्राप्त गर्ने सुशौभाग्य मिलेको थियो भने आज त्यही विगत कालको भिक्षुणी परम्परामा विश्वभरिका महिलाहरू सामेल हुँदै गौरवमय आध्यात्मिक वंशावलीभित्र जाँदैछन् ।

निःसन्देह पनि पुनः एकपटक थेरवादी भिक्षुणीहरुलाई सुअवसर मिलेको खण्डमा महायानी भिक्षुणीहरू (Sisters) ले जगतका लागि महान आध्यात्मिक कार्य तथा सामाजिक सेवा जुन गरिरहेका छन्, त्यसमा सामेल हुनसक्छन् । मलाई आशा छ निर्वाण धर्मको समीपमा पुग्न हामीले अनावश्यक विभिन्नताहरूलाई अलग राखीकन एकाएन (Oneway) आदर्शको विकास गर्न पुनः एकपटक हामीलाई यस महोत्सवले स्मरण गराउने भएको छ ।

अन्ततः वोध गयामा हुने भिक्षुणी उपसम्पदा दिक्षा जस्तो विवेकपूर्ण दूरगामी दृष्टि बोकेका फो-कुआन-शानलाई म साधुवाद एवं बधाई ज्ञापन गर्दछु । यहाँहरूमा सम्पूर्ण प्रयत्न एवं प्रयासहरू सफलताको चरम चुलीमा पुग्न सकोस् भन्ने शुभकामना ब्यक्त गर्दछु ।

### बुद्ध मूर्तिदान

थ्व हे वंगु मंसीर २५ गते बुधबार खुन्हु बौद्ध जन विहार सुनागुठीसं प्रतिस्थापना याय्त कुलांफले च्वंम्ह नन्दबहादुर (सुकुचा) महर्जन छगू भव्यसमारोह याना लःल्हाना ब्यूगु समाचार दु ।

लुमंके बहजू गाँ गामे धर्म प्रचार याय्गुली न्ह्यब्वाना च्वंम्ह भिक्षु कालुदायीयाहे नेतृत्वे सुनागुठी बौद्ध जन विहार निर्माण जूगु खः ।

### भिक्षु कालुदायीया ९० दँ बुदिं

बैसं बुरासां बौद्ध जागरण हय्त मन त्यायम्ह चाम्ह भिक्षु कालुदायीया ९० दँ क्यंगु बुदिं बौद्ध जन विहार सुनागुठीया पाखें पुस ९ गते भ्रःभ्रः धाय्क हंगु समाचार दु । अभिनन्दन पौनं वस्पोल भिक्षु कालुदायीयात लः ल्हाःगु समाचार दु ।



Downloaded from http://www.dhamma.digital

# लुम्बिनीप्रति अबको दायित्व

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) को विश्वसम्पदा समितिको हालै बसेको बैठकले नेपालमा रहेको भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीक्षेत्रलाई विश्वसम्पदा सूचीमा सुचिकृत गरेको सन्देशले विश्वभरिका बौद्धधर्मावलम्बीहरू र धार्मिक सहष्णुता र एक अर्को धर्मप्रति आदरभाव जगाउने सम्पूर्ण नेपालीहरूलाई गौरवान्वित गराएको छ ।

इटलीको नेपल्समा सम्पन्न समितिको २१ औं बैठकले लुम्बिनीक्षेत्रलगायतको विश्वका विभिन्न मुलुकका ४६ वटा सम्पदाहरूलाई थप सूचिकृत गरेपछि राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्ले संरक्षण सम्बर्द्धन गर्नुपर्ने त्यस्ता क्षेत्रहरूको संख्या अब विश्वमा झण्डै साढे पाँच सय जति पुगेकामध्ये नेपालमा यसको संख्या लुम्बिनीक्षेत्र सूचिकृत भएपछि आठ पुगेको छ ।

सन् १९७८ मा नेपालले विश्वसम्पदा कन्भेन्सनमा हस्ताक्षर गरेको एक वर्षपछि नै उपत्यकाभित्रका हनुमान्ढोका दरबार, भक्तपुर दरबार, पाटन दरबार, चाँगुनारायण, स्वयम्भू, पशुपतिनाथ र बौद्ध गरी सातवटा धार्मिक र पुरातात्त्विक महत्त्वका क्षेत्रहरू उक्त सूचीमा सूचिकृत भएका थिए भने त्यसको लगभग ८ वर्षपछि सूचिकृत भएको लुम्बिनीक्षेत्र उपत्यकाबाहिरको नेपालको पहिलो विश्वसम्पदा बन्न पुगेको छ ।

नेपाललाई विश्वमा चिनाउने प्रमुख वस्तुहरूमध्ये सगरमाथा पछिको दोस्रो स्थान ओगट्न सफल लुम्बिनी विश्वमा दोस्रो ठूलो धर्मका रूपमा रहेको बुद्धधर्मावलम्बीहरूको महत्त्वपूर्ण धार्मिकस्थल मात्र नभएर नेपाल पस्ने जो कोहीको पनि आकर्षणको केन्द्र बनिरहेको बेला विश्वसम्पदामा सूचिकृत भएपछि यसको संरक्षण, सम्वर्द्धन र विकासको लागि अझ गम्भीर भएर लाग्नुपर्ने दायित्व नेपाल, नेपाली जनता र सरकारमाथि आइलागेको छ ।

यसअघि सूचिकृत भएका नेपालका धार्मिक तथा पुरातात्त्विक महत्त्वका स्थानहरूको विकास र संरक्षणको प्रक्रिया नियाल्दा देखिने अन्तर्राष्ट्रिय सहयोगबिना कुनै काम हुन सक्दैन भन्ने मानसिकता हटाउन र यस्ता क्षेत्रको विकास र संरक्षणमा जनसहभागिता समेत जुटाउनेतर्फ उन्मुख हुनसके आफ्नो दायित्वप्रति सचेत छ भन्ने अनुभूति नेपाली र विश्व समुदायले पनि गर्न सक्दथे ।

सन् १९६७ मा संयुक्त राष्ट्रसंघका तत्कालीन महासचिव उ थान्तको हालै सूचिकृत लुम्बिनीक्षेत्रमा भएको स्थलगत भ्रमण र करिब २ बर्षपछि गठित राष्ट्रिय समिति शुरू भएको योजनावद्ध विकासको ३० वर्षपछि त्यस क्षेत्रमा थुप्रै भौतिक परिवर्तनहरू भए पनि बौद्ध धर्मावलम्बीहरूलगायतका दर्शनार्थीहरूले सोचे र खोजेजस्तो विकास हुन नसक्नु जनसहभागिता र दायित्वबोध कम र परनिर्भरता बढी भएकोले हो भन्न लाज मान्नुपर्ने देखिदैन ।

स्रोत र साधनको कमीभन्दा विकास संरक्षण र सम्वर्द्धनको लागि आवश्यक पर्ने निश्चित दृष्टिकोणको अभावको नियति लुम्बिनीक्षेत्रले भोगिरहनुपरेको हो कि भन्ने आशंका अहिलेको लुम्बिनीको अवस्थाले झल्काइरहेको देखिन्छ ।

विश्वप्रसिद्ध वास्तुविद् केन्जो टाँगेले रेखांकन र निर्धारण गरेका आधारमा शुरू भएको लुम्बिनीको विकास कार्यपछि भएगरेका कामहरूको समीक्षा गर्ने र कमी कमजोरीहरूको मूल्यांकन गरी उपयुक्त कदम चाल्नुपर्ने बेला घड्किन नपाओस् भनेर सम्बद्ध पक्षले सोच्नुपर्ने बेला हो यो जस्तो हामीलाई लागको छ ।

बुद्धको जन्मअवस्थाको जस्तै प्राकृतिक वातावरण तयार गर्ने उद्देश्य राखी त्यस क्षेत्रभित्र गरिएको करिब ६ लाख बिरूवाहरूको वृक्षारोपणपछि हुर्किएका रूखहरूको संरक्षणप्रति देखिएको उपेक्षा, लुम्बिनीक्षेत्रको जग्गामा बढ्दै गएको अतिक्रमणको बेवास्ता, भगवान् गौतम बुद्धको जन्मपछि उनकी माता मायादेवी स्नान गरी चोखिएको नजिकैको तेलार नदीको घट्दो अवस्था र बढ्दो प्रदूषणहरूप्रति देखिएको उदासिनता, त्यस क्षेत्रमा रहेका वन्यजन्तु र चराचुरुंगीहरू लोप हुने अवस्थाप्रति गरिएको बेवास्ताले गर्दा स्थापित वस्तुहरूप्रति संरक्षणको अभाव स्वाभाविकै रूपमा भन्नुपर्छ ।



Downloaded from http://www.dhamma.digital

भगवान् बुद्धकी आमा र हिन्दूहरूले समेत 'जंगलकी देवी' को रूपमा पुज्दै आएकी मायादेवीको मन्दिर करिब ५ वर्ष अगाडि नै पुनर्स्थापित भइसक्नु पर्नेमा हालसम्म विस्तृत प्रतिवेदन र डिजाइनसमेत बन्न नसक्नु यस परिप्रेक्ष्यमा सबैभन्दा खट्किने कुरा हो भन्नु अत्युक्ति नहोला र लुम्बिनी दर्शनार्थ आउने जो कोहीले पनि पुरानो मायादेवीको मन्दिरको स्थानमा फुटेका ईटाको थुप्रो र टहरो मात्र देख्दा लुम्बिनी नै उजाड देख्नु स्वाभाविकै हो ।

दातृ सहयोगबिना नै निर्माण हुनसक्ने मुख्य लुम्बिनीक्षेत्रको करिब २ किलोमिटर लामो धूले सडक र जुनसुकै बेला भत्कनलाई तयार दुईवटा काठेपुल लुम्बिनी प्रवेश गर्नेहरूलाई चसक्क चस्काउने घाउको रूपमा पिल्सिने गरेको अनुभव सम्बद्ध निकायले समेत गरिसकेको छ । अवस्था फेर्नसके संकुचित भएको विश्वसम्पदाले सम्बद्ध सरकारको पहिलो दायित्वबोध गरेको महसुस सबैले गर्न सक्थे ।

विश्वसम्पदा सूचीमा सुचिकृत हुनु नै ठूलो उपलब्धि हो भन्ने भ्रम सबैमा बाँड्नुभन्दा त्यसपछिको विकास, संरक्षण र सम्बर्द्धन ठूलो हो भन्ने यथार्थता स्वीकारेर तदनुरूप कार्य हुनसके मात्र नेपाल दायित्व अनुसारको बोझ उठाउन सक्षम छ भन्ने कुराको विश्वले विश्वास लिन सक्थ्यो ।

साभार : **"समाचारपत्र"** (सम्पादकीय)
दिनाङ्क २६ मंसिर २०५४

**संशोधन**

**बर्ष १५ अंक ७ को धर्मकीर्ति पत्रिकामा प्रकाशित मानव जीवन, धर्म र आचार संहिता शीर्षक लेखमा रेखाचित्रद्वारा देखाइएको धर्माचरणको प्रभावमा अश्लील शील स्वभाव र चरित्र तथा विहान बेलुकी स्वच्छ हावामा भ्रमणको वीच कुनै सम्बन्ध नभएको र स्वास्थ्य होइन स्वस्थ्य शरीरको निम्ति पौष्टिक तत्वयुक्त आहारको भूमिका अपरिहार्य भएकोले तीर चिन्हले तलतिर ( ↓ ) देखाउनु पर्नेमा माथितिर फर्केको देखाइएकोले भूल सुधार गरीएको जानकारी गराउँदछु ।**

*✍ सम्पादक*

**मान्छे**

आश्रय दियो : टाउकोमा टेक्छ ।
उपदेश दियो : मुन्टो बटार्छ ।
आदर गर्यो : चाकडी सम्झन्छ ।
उपकार गर्यो : बेवास्ता गर्छ ।
विश्वास गर्यो : धोका दिन्छ ।
क्षमा गर्यो : कायर सम्झन्छ ।
प्रेम गर्यो : आघात गर्छ ।
सल्लाह दियो : अपमान सम्झन्छ ।
प्रशंसा गर्यो : अभिमानी बन्छ ।
सहयोग गर्यो : कृतघ्न बन्छ ।
दु:ख पायो : हेलां गर्छ ।
सुख पायो : ईर्श्या गर्छ ।

## जातया भेदभाव ?

✍ भरतराज चित्रकार

क्वजात व थजातया भेदभाव तया
जातया अभिमान झीसं छाय् यायेगु ?
थ:गु जातयात जक थ: थमतुं केच्याना
जातं जातयात हे झीसं छाय् क्वह्येंकेगु ?

संसारे निगू जक हे जात दु
मिजं अले मिसा बाहेक सुं हे मदु
थि त्यो: व मत्योया लिधंसाय्
सुनानं सुंयात हिस्याय् मागु हे छु दु ?

छु पुसा पिल वहे फल सैगु धैइगु स्यू सां
अयनं छाय् हाकनं आतकं झीसं मथुयाच्वंगु ?
क्वजातया कुले झी जन्म हे छाय् मज्वीमा
मनूया गुण दैइ धैइगु छाय् मथुया च्वंगु ?

मने सुकर्म वा दुष्कर्मया स्वभाव गथे उत्पन्न जुयावई अथे हे बोली वचन व शरिरंनं वहे ज्या याई थ्व हे ख: वास्तविक जातया परिभाषा कर्मया व्यवहारं जक हे सुजात व क्वजात जुया पिहां वई



Downloaded from http://www.dhamma.digital

# धम्मपद-१०२

✍ रीना तुलाधर

**पाणिम्हि चे वणो नास्स- हरेय्य पाणिना विसं**
**ना'ब्बणं विसमन्वेति-नत्थि पापं अकुब्बतो ।**

**अर्थ-** हातमा घाऊ नभएकोले विष हातमा लिए पनि उसलाई विषले असर गर्दैन, त्यस्तै गरी पाप नगर्नेलाई पाप लाग्दैन ।

**घटना-** बुद्धको समयमा राजगृह नगरमा एक महाजनको एउटी राम्री छोरी थिइन् । उनी बुद्धको धर्ममा दिक्षित भएर सानैमा श्रोतापन्न पदमा प्रतिष्ठित भईसकेकी थिइन् । एकदिन शहरमा कुक्कुट नाम गरेको एउटा शिकारी गाडा भरी जनावरको मासु राखेर मासु बेच्न ल्याएको तिनले देखिन् । त्यो शिकारीलाई देखेर ऊनी प्रेममा फसिन् । शिकारी उसलाई मन पऱ्यो शिकारीसँगै पोइल जाने विचारले ऊनी पछि पछि गइन् । पछि दुबै जनाको कुरा मिले पछि दुइटैले विवाह गरे । विवाह पछि तिनीहरूको सातवटा छोराहरू भए । समय बित्दै गएपछि ती सातवटै छोराहरूलाई विवाह पनि गरी दिए ।

एकदिन बिहानै भगवान बुद्धले त्यो दिनमा कसलाई बोध गर्न सकुंला भनेर ध्यान चित्तले हेर्नु हुँदा तिनै शिकारी र तिनका छोराहरू र बुहारीहरूलाई देख्नु भयो । त्यस दिन जंगलमा शिकारीले शिकारको लागि जाल फिजाएर राखेकै ठाउँमा भगवान बुद्ध पुग्नु भयो । भगवान बुद्धले त्यो जालको निरै भुइँमा आफ्नो पाउको चिन्ह छोडेर त्यहाँ नजिकै एउटा रूखमुनि बस्नु भयो ।

शिकारीले धनुष वाण लिएर कुनै जनावर जालमा फसेको छ कि भनेर हेर्न आउँदा एउटै शिकार फसेको देखेन । सँगै कुनै व्यक्तिको पाउको चिन्ह देखे । पक्कै पनि कोही मानिस पहिल्यै आएर जालमा फसीसकेको शिकारलाई निकालेर छोडीदियो होला भनी रीस गर्न थाले । यत्तिकैमा उसले भगवान बुद्धलाई देखे । 'मेरो शिकारलाई छोडीदिने मानिस यही हो' भनी ठानी रीसले धनुष वाण हान्न खोज्दा अचम्मले ऊ त्यही स्थितिमा मूर्ति झैं चल्न नसक्ने गरी उभीरहे । घरमा उसकी पत्नीले आफ्नो लोग्ने धेरै बेरसम्म फर्केर नआएकोले पीर मानी जंगलमा आफ्ना सातवटै छोराहरूलाई हेर्न पठाए । ती सातै जनाले त्यो दृश्य देखेर भगवान बुद्धलाई आफ्ना पिताका कुनै शत्रु हुनुपर्छ भनी ठानी ती सातै जनाले भगवान बुद्धलाई हान्न भनी धनुष र वाण उठाउँदा अचम्मले तिनीहरू पनि मूर्ति झैं अचल भएर खडा भईरहे ।

घरमा ती गृहणी र तिनका सातवटै बुहारीहरू आ-आफ्ना लोग्नेहरू फर्केर नआएकोले पीर मानी सबै जना जंगलमा हेर्न गए । भगवान बुद्ध बस्नु भएको ठाउँमा त्यो दृश्य देखेर भगवान बुद्धका अनुयायी ती गृहणी "अहो ! तिमीहरूले मेरो पितालाई नमार्नु ।" भनी आत्तिएर कराइन् । हात हल्लाइन् । यो देखेर सुनेर बाबुचाहिं शिकारीले 'यो मानिस मेरो ससुरा रहेछ' भनी ठाने । त्यस्तै उनका सातवटा छोराहरूले त्यो त हाम्रा बाज्ये रहेछ' भनी ठानेर उनको प्रति मनमा स्नेह पैदा गरे । आमा चाहिंले फेरि भने "छिटै धनुष र वाण छोडेर मेरो पितासँग क्षमा माग ।"

भगवान बुद्धले यतिन्जेल तिनीहरूको मन शान्त र कोमल भईसकेको थाहा पाएर तिनीहरूलाई धनुष र वाण तल राख्न लगाउनु भयो । तिनीहरू सबैले भगवान बुद्धलाई वन्दना गरेर क्षमा मागे । त्यहिंनेर भगवान बुद्धले तिनीहरूलाई सुहाउँदो धर्म कथा सुनाउनु भयो । धर्म देशना सकिएपछि ती कुक्कुट शिकारी गृहस्थ, तिनका सातवटै छोराहरू र सातवटै बुहारीहरू बुद्धको धर्म बुझी श्रोतापत्ति फलमा प्रतिष्ठित भए ।

त्यसपछि भगवान बुद्ध विहारमा फर्कनु भयो र त्यहाँ भिक्षुहरूलाई शिकारी र त्यसको परिवारको बारेमा बताउनु भयो । उनीहरूको बारेमा सुनेपछि भिक्षुहरूलाई शंका लागेर भगवान बुद्धसँग यसरी सोधे । "कुक्कुट शिकारीकी पत्नी सानैमा श्रोतापन्न भएकी हो । त्यत्रो वर्षसम्म एउटा शिकारीकी पत्नी भएर उसले आफ्नो लोग्नेलाई दिनहुँ शिकारको लागि धनुष वाण, भाला, तीर आदि हतियार त्यस्तै शिकारलाई फसाउने जालहरूको व्यवस्था गरीरहिन् होलि । आफ्नो लोग्नेलाई प्राणी हिंसाको पेशा गराई रहिन् । के श्रोतापन्न भएकोले प्राणी हिंसा गर्न हुन्छ ? "यसको जवाफमा भगवान बुद्धले भन्नुभयो- "भिक्षुहरू हो ! श्रोतापन्न भएकोले हिंसा गर्दैनन् । अरुले हिंसा गरोस् भनी पनि चाहँदैनन् । यतिका वर्षसम्म उसले आफ्नो लोग्ने प्रतिको कर्तव्य सम्झेर मात्र ती कामहरू गरिरहेकी हुन् । प्राणी हिंसा गरोस् भन्ने उसको मनमा छैन । हातमा घाऊ नभएकोले हातमा विष लिएपछि आफूलाई विष लाग्दैन । त्यस्तै गरी चित्तमा अकुशल चेतना नभएको कारणले पाप नगर्नेले हतियार आफ्नै हातले अरूलाई सुम्पेपनि उसलाई पाप लाग्दैन ।" यस्तो भन्दै भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■



Downloaded from http://www.dhamma.digital

# बुद्धको शिक्षा प्रचार किन भएन ?

✍ भिक्षु अश्वघोष

विदेशीहरूले मात्र होइन, स्वदेशी बुद्धिजीवी ब्राम्हणहरूले पनि यही प्रश्न गर्ने गर्दछन् । यसको उत्तर कसरी दिउँ खोई ? तैपनि केही कुरा मनमा लागेको प्रस्तुत गर्दछु ।

नेपालमा बौद्ध संस्कार र बौद्ध वातावरण नै छैन भन्नु अत्युक्ति नहोला । किनभने अबौद्ध संस्कार अबौद्ध वातावरणले ढाकेको छ । त्यसैले जन्मत: ५६ प्रतिशत भन्दा बढी भएता पनि सरकारी जनसंख्या तथ्याङ्कमा ७ प्रतिशत मात्र छ । किनभने, अधिकांश बौद्धहरूको मनमा वैदिक (हिन्दू) संस्कारले कब्जा गरेको छ ।

बौद्ध वातावरण छैन भनुँ भने कसरी ? स्वयम्भू, चैत्य स्थानमा र बौद्धस्तुपमा तथा पाटनको हिरण्य वर्ण विहारमा विहान विहानै भीड लाग्छ, श्रद्धालुहरू पूजापाठ गर्दछन् । संस्कृति प्रेमीहरू यस्ता पूजापाठ देखेर गौरव मान्दछन् । काठमाडौं र ललितपुरमा चार अशोक स्तुप तथा बाटोघाटोमा र चोकमा थुप्रै चैत्यहरु छन्, फोहर पनि त्यत्तिकै छ ।

यसै वर्षको कुरा हो । गुँलाधर्मको महिनामा श्रीलंकाली तीर्थयात्रीहरूलाई एकाविहानै स्वयम्भूमाथि लगेको थिएँ । त्यहाँको वातावरण र मानिसहरूको चहल पहल देखेर उनीहरू छक्क परे । उनीहरूले प्रश्न गरे- यो बौद्ध स्थान हो ? हो नी ! भने । अनि उनीहरूले भने- यहाँ त भक्तिमार्ग पूजा आजामा विश्वास गर्ने मात्र धर्म मान्दा रहेछन् । हिन्दू संस्कारको वातावरण बलियो रहेछ । ज्ञानमार्ग त देखिएन । शान्त स्वच्छ वातावरण देखिएन ।

स्वयम्भू चैत्य चक्र लगाएर आइसकेपछि फेरि प्रश्न गरे- स्वच्छ र सफा सुग्घरको बारेमा शिक्षा दिंदैन ? मैले भने- रेडियो र अखबारमा पर्यावरण र स्वच्छ वातावरणबारे खूब प्रचार भैरहन्छ र अन्तर्राष्ट्रिय स्तरमा ठूलठूला गोष्ठी पनि भैरहन्छन् । तर, त्यसको बारेमा सरकार र साधारण जनतामा चेतना जागेको छैन । मतलव कार्यान्वयन गर्नेतिर अग्रसर छैन । यतातिर चिन्तन र सोचाइ भएको भए, जिज्ञासा भए गतिशील हुने थियो । त्यसो भएको देखिंदैन ।

स्वयम्भूबाट आनन्दकुटी विहारमा लगें । त्यहाँ अलि स्वच्छ वातावरण थियो । बुद्धमूर्ति र कलारहित श्रीलंका चैत्य पनि रहेछ । भिक्षुहरू पनि तीन चार जना देखियो ।

त्यहाँबाट श्रीघ: विहारको धर्मकीर्ति विहारमा लगें । त्यहाँ चारसय जति श्रद्धालुहरू शान्त वातावरणमा बसी बुद्ध पूजामा र उपदेश सुन्नमा ध्यान मग्न थिए । धर्मउपदेशपछि दान प्रदानको कार्यक्रम देखेर सन्तोषको सास फेरियो ।

बुद्धधर्मको प्रचार त लामा र बज्राचार्य गुरूहरूले गर्ने गर्दछन् । भिक्षुहरूले पनि गर्ने गर्दछन् । साँच्चैको धर्मप्रचार भनेको त आचारणमा सुधार ल्याउनु परम्परागत कुसंस्कारलाई त्याग्नु र सेवा भाव हुनु हो । भगवान बुद्धलाई खूब मान्ने, पूजा सत्कार गर्ने तर उहाँको शिक्षातिर त्यत्ति ध्यान दिंदै नदिने र पुष्प धूप अक्षता राखी पूजा गर्नु नै धर्म ठान्नेहरूको संख्या यहाँ धेरै छ । मानिसले सभ्यता र शिष्टाचारतिर ध्यान दिएको पाइदैन । प्रजातन्त्र नै यही हो कि कुन्नि ! अब जाऔं बुद्धजन्म भूमिमा बुद्धको शिक्षा किन प्रचार नभएको भन्ने सवालतिर । इतिहास पढ्दा खेरि धर्म प्रचार हुनमा सरकार र राजाको ठूलो भूमिका भएको देखिन्छ । बुद्धको पालामा पनि राजाहरूले धर्म प्रचार गर्न सहयोग दिएको देखिन्छ । बुद्धकालीन भन्दा सम्राट अशोकको पालामा अन्तर्राष्ट्रिय स्तरमा बुद्ध धर्मको प्रचार भएको थियो । बुद्धको शिक्षा बहुजन हिताय बहुजन सुखाय थियो । त्यही अनुसार राजा अशोकले जनमुखी भएर बहुजनहिताय अनुरुप राज्य संचालन गरिकन देशमा शान्ति स्थापना गर्नुभयो । जनता सुखित मुद्रित गरीकन जनप्रिय बने- राजा अशोक । आफ्नो अनुभव अनुसार बुद्धको शिक्षा प्रचारार्थ धर्मदूतहरू पठाए । त्यसपछि राजा कणिष्कको पालामा पनि धर्म प्रचार भयो । हाम्रो नेपालमा अंशुवर्मा आदि राजाको पालामा धर्म प्रचार र धर्म संरक्षण भएको थियो ।

भारतमा बौद्ध राजाहरूको अन्तपछि बुद्धधर्मको पनि न्हास हुँदै गयो । नेपालमा राजा भए तापनि राज्य



Downloaded from http://www.dhamma.digital

चलाउने श्री ३ शम्शेरहरू थिए । श्री ३ चन्द्र शम्शेरले पाँच जना भिक्षुहरूलाई देशबाट निकाला गरिदिए । त्यसपछि श्री जुद्ध शम्शेरले ८ जना भिक्षुहरूलाई देशबाट धपाई दिए । प्रजातन्त्र आइसकेपछि श्री ५ त्रिभुवनको पालामा बुद्ध धर्मको प्रचार हुन थाल्यो । शाहवंशी राजाहरू स्वयम्भूमा जान हुँदैन, पाप लाग्छ भन्ने नियम र चलनलाई श्री ५ त्रिभुवन राजाले तोड्नुभयो ।

हाल आएर बहु धार्मिक, बहु भाषिक, बहु जातिक राष्ट्र नेपाललाई हिन्दू राष्ट्र घोषणा गरेर बुद्ध धर्म हिन्दू धर्मको शाखा हो भनी असहिष्णुताको कुरा प्रचार गर्न थाले । संचार माध्यमबाट हिन्दू धर्मलाई काखा अरू धर्मलाई पाखाको नीति अपनाइयो । अरू त के तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी, उप-प्रधानमन्त्री माधवकुमार नेपाल र शिक्षा संस्कृतिमन्त्री मोदनाथ प्रश्रितहरू लुम्बिनीमा जाँदाखेरि श्रद्धा भक्तिले फूल चढाई पूजा गरेका थिए । त्यो दृश्य टी.भी.ले देखाएन र रेडियोबाट पनि राम्रोसंग प्रचार गरेन । तत्कालीन मन्त्री मोदनाथज्यू होम यज्ञमा भाग लिएको, स्वाहा गरेको दृश्य चाहिं खूब प्रचार गरे । यो पनि सहिष्णुता हो ? अर्को उदाहरण लिऊँ- संयुक्त राष्ट्र संघको तत्वावधानमा लुम्बिनी विकास गुरुयोजना शुरु भएको झण्डै तीन दशक हुन थाल्यो । कति वर्षसम्म श्री ५ को सरकारले तयार गर्नुपर्ने प्रारम्भिक विकाससम्म गरेन तथा विदेशीहरूलाई समेत विकास कार्य गर्न दिएन । हाल चार पाँच वर्षदेखि विदेशीहरूले तीव्र रुपमा लुम्बिनी विकास कार्य शुरु गरे । तर श्री ५ को सरकारको तर्फबाट बाटो, ढलनिकास र पानीको व्यवस्था गर्न सकेन । मेरो उपाध्यक्षको पालामा बल्ल टेलिफोन र विजुली निर्माण स्थलसम्म पुग्यो ।

महामायादेवी मन्दिर पुन: निर्माण गर्नेबारे जापानी बौद्ध संघसित सम्झौता भएको थियो । ६ वर्ष हुन लाग्यो । उत्खनन् पछि पुरातत्व विभागले मायादेवी मन्दिर त्यही ठाउँमा बनाउन अवरोध खडा गरिदियो । अहिले शौचालय जस्तो सानो घरमा मायादेवीको मूर्ति राखिएको देखेर अन्तर्राष्ट्रिय बौद्ध जगत खिन्न भएर जान्छन् ।

मायादेवी मन्दिरभित्र बाहुन पूजारी बसिरहेको हुन्छ । त्यहाँ भित्रको वातावरण देख्न लायक छ । कत्ति पनि बौद्ध वातावरण छैन । घ्यूको टिन र लुगा फाटो राखेको हुन्छ । घ्यूको वत्ति बाल्ने गर्दछ र बत्तिको रापले भित्ता कालो भएको छ । लामाहरूको बुद्ध विहारमा पनि बत्ति भित्र बाल्न दिँदैन । बाहिर अलग्गै बत्ति बाल्ने ठाउँ बनाएको छ । लुम्बिनी विकासका पदाधिकारीको ध्यान उतातिर जादैन । ध्यान गए पनि टेर्दैन ।

स्व. श्री ५ त्रिभुवनको पालादेखि राजाको जन्मदिनमा श्री ५ को दीर्घायु र सुस्वास्थ्य कामना गर्दै आनन्दकुटी विहारमा भिक्षु संघको तर्फबाट महापरित्राण पाठ गर्दै आएका छन् । श्री ५ त्रिभुवनको पालादेखि रू. ३०००/- दिँदै आएको, अहिलेसम्म ३०००/- र हाल आएर रू ५०००/- गरिदियो । गृह मन्त्रालयबाट रू ५०००/- दिइन्थ्यो । दुई वर्ष भयो रोकेको, किन हो ? विष्णुमती लिङ्करोड निर्माणगर्ने वहानामा संघाराम भिक्षु तालीम केन्द्रको बुद्धविहार भत्काउने षड्यन्त्र भइरहेको छ । अर्को विकल्प छँदा छँदै बौद्ध विहार थुन्ने योजना बनाएको छ । यस्तो वातावरणमा बुद्ध जन्म भूमिमा कसरी बुद्ध धर्म प्रचार हुने ? ■

## राष्ट्रिय विभूति गौतम बुद्ध

✍ **विद्याकुमारी वज्राचार्य**, डिल्लीवजार

गौतम बुद्ध, तिमी नेपालका सपुत
सगरमाथाभन्दा उच्च मनोवृत्तिका निधि
विश्वका अग्रगण्य बुद्ध धर्मका महानेता
नेपाल र नेपालीको चिनारीका प्रथम प्रवक्ता
तिमीनै एक हौ, नेपालका पवित्र सपुत
एशिया महादेशका समुज्वलित प्रकाश
शान्ति क्षेत्रको शान्तिका सेनानी
शान्तिका प्रवर्तक र मैत्रीय भावका महापुरुष
मनोवैज्ञानिक उपचारका प्रतिपादक
तिमीनै हौ, सुमधुर वातावरणका प्रतीक
मनुष्य समाजको जातीय भेदभाव निवारक
अज्ञानीको ज्ञानरुपी दीयोको पथप्रदर्शक
मानसिक असन्तुलितको लागि स्वच्छ र स्वस्थ कर्ता
पञ्चशील र अष्टशीलका सुप्रसिद्ध महागुरु
मानवतावादी धर्मका संरचयिता
तिमी मात्र एक हौ, सत्य पालक



Downloaded from http://www.dhamma.digital

# पूर्वाग्रह र साम्प्रदायिकता

✍ मेघदूत

जाडोमा पनि दुइतीन दिनदेखि झरी वर्षा भइरहनाले निकै जाडो बढेको छ । तैपनि हाम्रो छलफलमा सहभागीहरूको उपस्थितिमा भने कमी देखिएको छैन । नयाँ नयाँ अनुहारहरू देखापरि रहेको पनि देखिन्छ । एक आपसमा परिचयले गर्दा नयाँ अनुहारहरू धादिङ्गबाट आउनुभएको कुरा थाहा भयो ।

परिचय दिँदै 'धर्मकीर्ति' वर्ष १५ अंक ८ पढेर खुशी लागेको कुरा प्रकाश पार्ने क्रममा आफूहरू केहीकामले काठमाडौं आएको र धर्मकीर्तिमा प्रकाशित एउटा-दुईवटा नबुझेका कुराहरूको समाधान हुने मनसायले छलफलमा भागलिन आएको कुरा बताए । बीचमैं एकजनाले भने- गतांकमा भिक्षु कुमार काश्यपद्वारा रचित "गौतम बुद्ध र स्वतन्त्र चिन्तन" धेरै राम्रो लाग्यो । त्यस्मा बुद्धले दिनुभएका १० बुँदाको शिक्षा उल्लेख भएको रहेछ । ती हुन् "तिमीहरूले कसैको कुरा पनि चाहे बुद्धकै किन नहोस् यस्तो भनेकोले स्वीकार नगर, यो कहिल्यै नसुनेको कुरा हो, परम्परागत हो, हाम्रो धर्म ग्रन्थमा उल्लेख छ.....आदि । जसरी सुनारले सुन चाँदी आगोमा पोलेर जाँच्ने गरिन्छ त्यसरी नै कसैको कुरामा पनि आफ्नो स्वतन्त्र मस्तिष्कले नजाँचीकन विश्वास गर्नु हुँदैन । यी कुराहरू समय सापेक्षित, आजको युगलाई पनि उत्तिकै सुहाउने जस्तो लाग्यो ।" यत्तिकैमा अर्कोले - "होइन, यहाँ स्वतन्त्र चिन्तन भनेको के हो ?" भनी प्रश्न तेर्स्यायो ।

एकजनाले प्रश्न राम्रो गर्नु भएछ भनी प्रशंसा गर्दै भन्नुभयो वास्तवमा कुनैपनि धर्ममा आसक्त नभई, कट्टर र हठवादी नवनी सम्प्रदायिक र पूर्वाग्रही मानसिकताबाट अलग रही शुद्ध मानव मस्तिष्कबाट सोची, बुझी मूल्यांकन गरीसकेपछि मात्र स्वीकार्नु पर्छ भन्ने तात्पर्यमा स्वतन्त्र चिन्तन भन्न खोजिएको हो । अर्थात म बौद्ध हिन्दू/मुस्लिम/क्रिश्चियन हुँ भन्दै म त्रिपिटक/गीता/ कुरान/बाइबललाई नै मान्छु, यही मात्र ठीक अरू बेठीक भन्दै लिंडे ढिप्पी नकसी पूर्वाग्रहरहित असाम्प्रदायिक भावना बोकी स्वतन्त्र मस्तिष्कले ठीक-बेठिक भनी परीक्षण गरेर मात्र स्वीकार गर्नु "भनी भनिएको हो ।"

बीचमैं नयाँ साथीले- "भिक्षुणी शासन बारे मेरो विचार भनी भिक्षु विशुद्धानन्दले प्रकट गर्नुभएको २ नं को बुँदामा भिक्षुणी बनाउँदा थेरवादी पद्धति अपनाइनु पर्दछ, अन्यथा थेरवाद नभएको ठहर हुन्छ । भन्नुभएछ के यस्तो भन्नु ठीक होला र ? यस्मा पूर्वाग्रह र सम्प्रदायिक गन्ध आउँदैन र ?" भनी प्रश्न राख्ने बित्तिकै अर्को अलि पाको व्यक्तिले मुख खोली हाले- "थेरवादी शब्दले परम्पराको कुरा आयो । त्रिपिटक अनुसारै गर्नुपर्छ भनी कट्टरतारूपी विश्वास प्रदर्शन गर्दा हिन्दूहरू गीताकै अनुसार, क्रिश्चियनहरू बाइबलकै अनुसार र मुसलमानहरू कुरानकै अनुसार चल्नुपर्छ भनी घम्साघम्सी गर्छन् भने बौद्ध र हिन्दू तथा क्रिश्चियन र मुसलमान आखिर के फरक देखियो त ? यो साम्प्रदायिक र परम्परागत कुरा हो । यस्तै हो बुद्धधर्म एक बुद्धिवादी र वैज्ञानिकतामा आधारित धर्म भनी प्रचार प्रसार भइरहेको कुरामा सत्यता रहनेछ नि ! शुद्ध र असाम्प्रदायिक मानव तत्वले भरिएको धर्म भनी कहलिएको होइन रहेछ । हामी युवा वर्ग विशेषत: बुद्धधर्ममा व्यवहारिकता र वैज्ञानिकपन देखेर आकर्षित भएका हौं । तर स्वयं बौद्धहरूकै विवादास्पद गतिविधि र परम्परागत विश्वासलाई काखी च्यांप्दै बसेको देखेर हामीमा निराशपन छाएको छ ।"

"के त्यसो भए त्रिपिटकमा लेखिएको कुराहरूलाई विश्वास नै नगर्ने हो कि ?" भनी एकजना जिज्ञासुले सोधे । उही पाको व्यक्तिले जवाफ दिँदै भन्नुभो- "विश्वास गर्नु, नगर्नु स्वविवेकमा भर पर्छ । बुद्धको महापरिनिर्वाण भएर करीव ५०० वर्ष पछि प्रथम शताब्दीतिर राजा वट्टगामिनीको समयमा श्रीलंकामा बुद्धको उपदेश वा सूत्र पिटक, विनय पिटक र अभिधर्म पिटक अर्थात त्रिपिटकलाई लिपिबद्ध गरियो, ग्रन्थको रूप लिइयो । त्यस्मा धेरै ब्राह्मण संस्कारहरू घुसाइए, बुद्धको मौलिक सिद्धान्तसँग बेमेल कुराहरू पनि थपिन गए, कालान्तरमा आएर कतिपय कुराहरू थपिएका पनि छन् । जे भएपनि त्रिपिटक नै बुद्धधर्म हो, यस्मा लेखिएका सब बुद्ध वचन नै हुन् भनी पूर्वाग्रही बन्नु ठीक होइन । एक कान दुई कान मैदान भने झैं लामो अन्तरालसम्ममा



Downloaded from http://www.dhamma.digital

घोकन्ते स्वरुपमा रहंदा नै कतिपय कुराहरूलाई बंग्याए होलान्-, कति बिर्सीदिए होलान्, कति थपी दिए पनि होलान् । त्रिपिटक हुबहु बुद्ध भाषित नै भनी बस्नु मलाई लाग्छ यो ढोंग गरे जस्तै मात्र हुन्छ ।"

यस जवाफलाई सहमती जनाई अर्का एकजना उठेर "जसरी हामीलाई आमाले मायागरी दालभात तरकारी बनाई खुवाउनु हुन्छ र त्यतिबेला कहिले भातमा रौं आउने हुन्छ भने कहिले ढुंगा चपाउने हुन्छ । वास्तवमा रौं र ढुंगा मिसाउने नीयत आमामा विल्कुल हुँदैन तर बेहोसी र लापर्वाहीले यस्तो हुनजान्छ । अब हामीले रौं र ढुंगा मिसिएको खाना दियो भनी रीसले चुर भई आमालाई लात मार्ने कि छुट्याइ खाने त ? होइन भने आमाले दिएको हो खानै पर्छ भनी मातृभक्ति र विश्वास बोकि रौं पनि ढुंगा पनि चपाइदिने कि ? सोचनीय विषय हो । हामीले गर्नु पर्ने मूल कुरा त नरिसाइकन आफूलाई नहुने रौं र ढुंगालाई एकातिर हटाइदिने र खान सुरु गर्नुपर्छ । यसरी नै हामीले त्रिपिटकमा पछि गएर मिसिएका अवैज्ञानिक, अन्धविश्वास, परम्परागत संस्कार, सम्प्रदायिक भाव आदिलाई रौं र ढुंगालाई अलगराख्ने जस्तै अलग्याई लिनु पर्ने र टिप्नुपर्ने मात्र धारण गर्नुपर्छ । के जुनसुकै कुरालाई बुद्धवाणी भन्दै आँखा चिम्लेर विश्वास गर्ने ?" भनी प्रति प्रश्न गरे ।

त्यतिबेला विशेषगरी नयाँ सहभागीहरूका अनुहारमा मुस्कान छाइरहेका देखिन्थे । "यस्तै यस्तै कुरा सुनेर मनमा रहेका शंका समाधान गर्न हामी छलफलमा आएको नि !" भन्दै मुस्काइरहनेहरू पनि थिए । भने "पूर्वाग्रह, परम्परागत कुरा र अन्धविश्वास रूपी कुसंस्कार हटाई चेतना बदल्नका लागि यस्तो छलफल कार्य त भइराख्नु पर्ने हो नि !" भन्नेहरूका कुरामाथि हो हो भन्दै टाउको हल्लाउँदै गरेकाहरू पनि देखिन्थे । "बुद्धको शिक्षा बिलकुलै असम्प्रदायिक रहेछ, मध्यम मार्ग त यस्तै पो हुँदो रहेछ, कुसंस्कार नत्यागी, पूर्वाग्रही मानसिकता नहटाइकन दु:खबाट कहाँ मुक्त हुन सकिन्छ र ? कहाँ नींद, कहाँ चैन, अनि कहाँ शान्ति हुन्छ र ?" भन्दै छलफलमा सहभागीहरू चियापान गर्दै परस्परमा गुनगुन् गर्दै गुनगुनाइरहेको सुनियो ।

चियापानले तातियो होला र एकछिन पनि सबैले आ-आफ्नो बाटो तताए र म एक्लै भएं अनि म पनि हराएं । ■

# कविता

✍ गगनमान श्रेष्ठ

"नठान तिमि आफैलाई श्रष्टा श्रृष्टीको"
हे श्रृष्टीका श्रृजनाहरू हो,
हौ तिमि त मात्र श्रृजना
श्रष्टा द्वारा श्रृजित श्रृजना,
श्रष्टा त हुन परम प्रभू
त्यसैले,
स्वीकार अस्तित्व श्रष्टाको
गर पालन नियम श्रृष्टीको
तर,नठान तिमि आफैलाई श्रष्टा श्रृष्टीको ।
बनायौ तिमिले घर ठुल्ठूला
गऱ्यौ विकास ज्ञान, विज्ञानको,
गऱ्यौ आविस्कार औषधीको पनि,
तर सक्यौ गर्न विजय मृत्युमाथि ?
सक्यौ बनाउन औषधी चित्त स्थिर गरने ?
पाउछौ किन्न औषधी मनको अशान्ति हरने ?
त्यसैले,
नठान तिमि आफैलाई श्रष्टा श्रृष्टीको ।
गरन श्रृष्टीलाई नियमित
प्रभूले श्रृजेका छन् श्रृजना थरी थरीका,
भुसुना देखि महापण्डित सम्म,
छन् प्रभूका हर श्रृजना बराबर
गर दया र करुणा सबै श्रृजना माथि,
फुक विगुल शान्ति र अहिंसाको

## —: सूचना :—

"धर्मकीर्ति" पत्रिकामा लेख, रचना, कविता पठाउँदा खेरी स्पष्ट अक्षरमा एकतर्फी मात्र लेखी पठाउन हुन अनुरोध छ । फोटो कपी पनि स्पष्ट अक्षर भएको हुनु पर्दछ ।

समाचार पठाउँदा खेरी पनि औंसीसम्म "धर्मकीर्ति" कार्यालयमा आइपुग्नु पर्छ । अन्यथा अर्को अङ्कमा मात्र छापिने छ ।

समवेदना र ग्राहक शुल्क पठाउँदा खेरी सम्पादकको नाउँमा नपठाउनु होला । "धर्मकीर्ति" पत्रिकाको नाउँमै पठाउनु हुन विनम्र अनुरोध छ ।

*– सम्पादक*



Downloaded from http://www.dhamma.digital

# बिचाः हायका

अनिच्चावत संखारा, उप्पाद वय धम्मिनो ।
उपाज्जित्वा निरुज्झन्ति, तेसं ऊपसमो सुखो ॥





**दिवंगत मय्जु बेतिमाया शाक्य**

**मदुगु दिं : २०५४ मंसीर २७ गते**

यैं, नःघल क्वाद्वँ च्वंम्ह धर्मकीर्ति पत्रिकाया विशेष सदस्य मय्जु बेतिमाया शाक्य मदुगुलीं दुःखं कःपि छँजः पिन्स संसार अनित्य खः धका थुइकेः फय्मा धैगु मनंतुसे बिचाः हायका ।

"धमकीर्ति" पत्रिका

# अनिच्चावत संखारा



जन्मदिन वि.सं.:
**२००२ बैशाख तृतिया**
काठमाडौं

दिवंगत वि.सं.:
**२०५४ कार्तिक २६ गते द्वादशी**

## दिवंगत पुष्परत्न कंसाकार

मेरो जहान श्री पुष्परत्न कंसाकारज्यूको ५२ वर्षको उमेरमा असामयिक निधन हुनु भएकोले वहाँको निर्वाणको कामना गर्दै श्रद्धापूर्ण अर्पण गर्दछु ।

प्रार्थी:
**श्रीमती सुर्जमाया कंसाकार**
नयाँसडक बुटवल वार्ड नं. ३



Downloaded from http://www.dhamma.digital

### "धर्मकीर्ति" पत्रिकाको लागि सहयोग

बुद्ध धर्म प्रचार प्रसार गर्ने पवित्र उद्देश्य लिई प्रकाशन गरिदैं आएको "धर्मकीर्ति" पत्रिकाको उत्तरोत्तर प्रगतीको कामना गर्दै एक स्टिल दराजको लागि निम्न लिखित सदस्य महानुभावहरूबाट रु .७०००/- (सात हजार) को आर्थिक सहयोग प्राप्त भएको छ ।

| | |
|---|---|
| १. कीर्ति तुलाधर | १०. रोशन काजी तुलाधर |
| २. रीना तुलाधर | ११. सुख देव डंगोल |
| ३. तारा देवी तुलाधर | १२. नबिन चित्रकार |
| ४. बिमला शाक्य | १३. उद्योग रत्न तुलाधर |
| ५. रमा कंसाकार | १४. चिनीकाजी महर्जन |
| ६. लोचन तारा तुलाधर | १५. ज्ञानेन्द्र महर्जन |
| ७. मदन रत्न मानन्धर | १६. ध्रुव रत्न स्थापित |
| ८. डा.चन्द्रेश रत्न तुलाधर | १७. तिमिला रंजित |
| ९. अगम्य रत्न कंसाकार | १८. इन्द्र कुमार नकर्मी |

धर्मकीर्ति पत्रिकाका सहयोगीहरूलाई साधुवाद व्यक्त गर्दै भविष्यमा पनि शुभचिन्तक एवं हितैषीहरूबाट सहयोगको उपेक्षा राख्दछौं ।

### "विपश्यना ध्यान"

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको नियमित साप्ताहिक शनिवारीय कक्षा अन्तर्गत बेला वखतमा बौद्ध लगायत विभिन्न क्षेत्रका विद्वानहरूलाई निम्त्याई कक्षा संचालन गर्ने क्रममा यही २०५४ मंसीर ७ र १४ गते दुई दिन धर्मकीर्ति विहारमा वर्माबाट आउनु भएका ध्यान गुरु सयादो ऊ आसभाचारबाट विपश्यना ध्यानको बारेमा प्रवचन दिनु भयो ।



*शनिवार क्लास लिन्दै भिक्षु आसभाचार*

प्रवचनको पहिलो दिनमा उहाँले भन्नु भयो- "विपश्यना" भनेको वि र पस्सनामिलेर बनेको संयुक्त पाली शब्द हो र यसको अर्थ वि भन्नाले विशेष रूपले र पस्सना भन्नाले हेर्ने, बुझ्ने वा थाहा पाउने हो । यी दुई मिलेर विपश्यनाको अर्थ छोटकरीमा यथार्थ रूपले हेर्ने, बुझ्ने वा थाहा पाउने भएको छ ।

यसै क्रममा विपस्सना एक गंभीर विषय भएकोले यसलाई प्राप्त गर्न निरन्तर प्रयासरत हुनु पर्छ भन्नु हुँदै हामीले पंचस्कन्ध लगायत मन (चित्त) द्वारा साधारण रूपबाट थाहा पाई राखेको कुरालाई विशेष रूपमा कसरी थाहा पाउने भन्ने विषयलाई प्रष्ट पार्ने क्रममा ध्यान भावनाको लागि समाधिको महत्व र समाधिको लागि चित्त एकाग्र गर्न महास्री महास्थविरद्वारा निर्देशित पेट फूलेको सुकेको या आनापाना अभ्यास गर्न कति आवश्यक छ भन्ने कुरालाई प्रकाश पार्नु भयो ।

यसै क्रममा जब समाधिमा पुग्छ तव एउटै कार्यमा पनि आरंभ देखि अन्त सम्ममा नाम रूप थाहा पाउँदै विभिन्न रूपले भिन्दा भिन्दै कुराहरू बुझ्दै र थाहा पाउँदै जान्छन् । यो अभ्यासको उपलब्धी हो । प्रकृतिको नियम अनुसार जहाँ सक्कली हुन्छ त्यहा नक्कली भए जस्तै समाधि पनि विपस्सनाको नक्कली रूप बनी कुनै कुनै योगीहरूलाई समाधि नै विपस्सना हो की ? भन्ने भ्रममा पारी दिन्छ भन्ने उदाहरण दिनु हुँदै विपस्सनाको शुरूवात समाधिमा पहिलो स्तर हो भन्ने कुरा प्रष्ट पार्नु भयो ।

यसरी नै दोश्रो दिनको कार्यक्रममा भन्नुभयो विपस्सनाको फाइदा यस प्रकार छन् ।

१. चित्त शुद्ध हुने
२. मन (चित्त) बलियो हुने
३. रोग, वेदनाबाट मुक्ती
४. प्रज्ञा ज्ञान तिक्ष्ण र बलियो हुदैं जाने
५. मार्ग र फल ज्ञानको प्राप्ती / आदिको बारेमा पनि प्रकाश पार्नु भयो

उहाँले अगाडि भन्नु भयो- "कुनै एउटा मणि भेटिएमा नबुझ्नेलाई सिसा (काँच) समान र बुझ्नेलाई



Downloaded from http://www.dhamma.digital

हिरा समान भएको उदाहरण दिनु हुँदै विपस्सनाको महत्व बारे प्रष्ट पार्ने क्रममा "विपस्सना वाहिर होइन आफ्नै शरीर भित्र नै खोज्ने चिज अथवा ज्ञान हो। त्यसैले आफ्नो कुनै बहुमूल्य बस्तु हराएमा जुन मनसायले खोज्ने गर्छ, त्यसरी नै विपस्सना जस्तो अमूल्य ज्ञानलाई खोज्नु पर्छ" भन्ने स्वयम भगवान बुद्धले भन्नुभएको बुद्ध वचन अगाडि सार्नु हुँदै यस्तो अमूल्य बुद्ध शिक्षा "विपस्सना" ग्रहण गर्नु सबैलाई आह्वान गर्नुभयो।

स्मरणीय रहोस् उहाँ २०४५ साल देखि नेपालमा आउनु भई अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा ध्यानु गुरूको रूपमा रहँदै आउनु भएका साथै लुम्बिनीको पण्डिताराम ध्यान केन्द्र निर्माणमा सहित विभिन्न बौद्ध गतिविधिमा विशेष रूपमा संलग्न रहँदै आउनु भएको छ।

उक्त कार्यक्रमको सभापति, संचालक र रिपोर्टर पहिलो दिनमा क्रमश श्रीमती बिमला शाक्य, श्री ज्ञानेन्द्र महर्जन र सुश्री रचना शाक्य हुनुहुन्थ्यो भने दोश्रो दिनमा क्रमश सुश्री तारादेवी तुलाधर, श्री ध्रुवरत्न स्थापित र श्री ज्ञानेन्द्र महर्जन हुनुहुन्थ्यो।

**"विनयको अध्ययन"**

२०५४ कार्तिक ९ गते

यस दिन भिक्षुणी धम्मवतीले प्रवचन दिनुहुँदै भन्नुभयो- अध्ययन गोष्ठीको क्लासमा विनय सम्बन्धी अध्ययन गर्नुपर्छ। विनय अध्ययन पछि मात्र कुनै पनि व्यक्तिको मूल्याङ्कन गर्न सकिन्छ। विनय नियमको ज्ञान भएको खण्डमा सही बाटोमा लाग्न सक्नेछन्। तर गुरूको मात्र भर परेको खण्डमा गुरूले गल्ति बाटो पनि देखाउन सक्छ भन्नु हुँदै- अंगुलीमालको घटना सुनाउनु भयो। यस्तै बुद्धकालीन घट्नामा विनय मात्र पालन गर्ने गुरू र कथा मात्र भन्ने गुरूहरूको झगडाको वारे पनि भन्नुभयो। यी दुई भिक्षुहरूको झगडा सानो कुराबाट भएतापनि पछि ठूलो रूप लियो। यस झगडालाई बुद्धले शान्त गर्न प्रयास गर्दा गर्दै पनी शान्त हुने स्थिति नदेखेकोले बुद्ध जंगलमा जानुभयो। त्यसपछि त्यहाँका दाताहरूले झगडालु भिक्षुहरूलाई दान दिएन। झगडाको कारणबाट दान नपाएपछि भिक्षुहरूको होश आयो। त्यसैले गृहस्थीहरूले पनि विनय नियमको अध्ययन गर्नु आवश्यक छ भन्नुभयो।

उक्त दिनको कार्यक्रम तारादेवी तुलाधरको सभापतित्वमा भएको थियो भने रिपोर्टिङ्ग चिनीकाजी महर्जनले गर्नुभएको थियो।

उक्तदिन दिवंगत हुनुभएका संघनायाक शाक्यानन्द महास्थविरका पुण्यस्मृतिमा पुण्यानुमोदन गरियो।

**"हाम्रो जीवन सफल हुनको लागि चाहिने पक्ष बारे"**

२०५४ कार्तिक २३ गते

यस दिन वरदेश मानन्धरले हाम्रो जीवन सफल हुनको लागि चाहिने पक्षहरू बारे बताउनु भयो- ति हुन् सामाजिक, शैक्षिक ज्ञान, आर्थिक, व्यवसायिक, स्वास्थ्य, मानसिक र धार्मिक जीवन।

हाम्रो जीवन सफल हुनको लागि यी पक्षहरू अनुकुल हुनुपर्दछ। तर यी पक्षहरू मध्ये कुनै एउटा पक्षको मात्र कमजोर वा बलियो भयो भने हाम्रो जीवन सफल हुँदैन। त्यसकारण यी पक्षहरूसंग अनुकूल वातावरण ल्याउनको लागि सवभन्दा पहिला हामीले आफूले आफूलाई चिन्न सक्नु पर्दछ। त्यस्तै कुनै काम गर्न लाग्दा आइपरेको समस्या वा विघ्नबाधाहरूलाई अल्छी नभइकन हरेश नभइकन जो व्यक्तिले विघ्नवाधाहरूलाई हटाई काम सिद्ध गर्छ त्यही व्यक्ति जीवनमा सफल हुन्छ। त्यसकारण जो व्यक्ती समस्या देखेर आफ्नो लक्षबाट विमुक्त हुन्छ त्यो व्यक्ती कहिले पनि सफल हुनसक्दैन। त्यसकारण हाम्रो जीवन सफल पार्नुको ठूलो हात हाम्रै छ। मानिस सफल हुनको लागि आवश्यक अंग अरूपनि छन्।

१. सकारात्मक सोचाई - राम्रो सोचाइ
२. अहिले नै यो काम गर्दछु - अल्छी नहुनु
३. निरन्तर रूपमा ज्ञान हासिल गर्नु
४. कृतज्ञ स्वभाव हुनु ५. आत्मविश्वास हुनु
६. नकारात्मक प्रभाव ७. आफूले केहि दिन सक्नु आदि।

अन्तमा वहाँले उक्ति भन्नु हुँदै "लिने व्यक्तिले मिठो भोजन गर्दछ, दिने व्यक्ति आनन्दले सुत्छ।"

उक्त दिनको कार्यक्रम ज्ञानेन्द्र महर्जनको सभापतित्वमा र ध्रुवरत्न स्थापितले संचालन गर्नुभएको थियो, उक्त कार्यक्रमको रिपोर्टिङ्ग तारा डंगोलले गर्नुभएको थियो।



Downloaded from http://www.dhamma.digital

### छलफल

२०५४ कार्तिक ३० गते, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको साप्ताहिक शनिवारीय कार्यक्रममा यसैदिन बुद्ध धर्मको मूल शिक्षा ध्यानको बारेमा छलफल गरियो ।

सर्व प्रथम: ध्यान बसी सक्नु भएका व्यक्तिहरूले आ-आफ्नो अनुभव बताउने क्रममा सुश्री मिनशोभा शाक्यले ध्यान भावना भनेको अनुभव गर्ने कार्य भएकोले यसलाई मौखिक रूपमा बताउन गाऱ्हो हुन्छ भन्नु हुँदै ध्यान भावनाबाट आफूले के कार्य गरिरहेको छ त्यसलाई सधै होस्मा राखी क्लेश र विकारहरूलाई रोकेर स्मृति बृद्धि गर्न सकिन्छ । यसको लागि समता र उपेक्षा अति आवश्यक छ, भन्नुभयो ।

त्यसरी सहभागी सदस्यहरूले विभिन्न विषयमा प्रकाश पार्ने क्रममा इन्द्रकुमार नकर्मीले ध्यानको लागि आर्यमौन र सुश्री तारा डंगोलले ध्यान गुरूको आवश्यकता लगायत सभापतिको आसनबाट श्रीमती बिमला शाक्यले आफूलाई आफैले चिन्न र आफ्नो दोष पत्तालगाउन ध्यानभावना आवश्यक छ भन्नुभयो ।

श्री ज्ञानेन्द्र महर्जन द्वारा संचालित उक्त कार्यक्रमको रिपोर्टिङ्ग सुश्री रामेश्वरी महर्जनले गर्नु भएको थियो । ■

## दँ सकलें दँ

✍ **शैलेन्द्र शाक्य**, गुइटोल, ललितपुर

अन्धकार फुना तुइसे च्वने धुंकल,
चा फुना सुथ जुइ धुंकल,
अथे नं भीपिं अथें हे तिनि,
दँ सकलें दँ, गुलि द्यना च्वने ।

अज्ञानता हटेयाना,
ल्हा:ती शान्तिया मत ज्वना,
विज्याये धुंकल बुद्ध भगवान,
विश्वय् शान्ति विजय याना,
अथे नं भीपिं अथें हे तिनि,
दँ सकलें दँ, गुलि द्यना च्वने ।

बुद्धयागु उपदेश न्यना
अनगिन्ति भिक्षुपिं भिंगु लँपूई ध्यने धुंकल,
वसपोलया धर्म आचरण याना,
आपालं मनूतसें ज्ञान प्राप्त याये धुंकल,
अथे नं भीपिं अथें हे तिनि,
दँ सकलें दँ, गुलि द्यना च्वने ।

## उपासक व उपासिका

✍ बेखारत्न शाक्य, यल

थ:म्ह जहानया धर्म खँ न्यना
दु:खं मुक्त थ: ज्वीगु खना
बिहारे वना निम्हं च्वना
उपदेश न्यं न्यं ज्ञान कया ।

नयेत अप्पोगु थकाये थे तुं
भति भति फूगु दान याना
सितिं मज्वीक थ: कति लाके थें
धर्मया ज्ञान मने थना ।

म्वा:गु तन्ताय थ:पिं मजूसे
भिंगु इलमं कमाय याना
मा:गु ज्याखँय् थ:पिं न्ह्यब्वाना
थ:गु कर्तब्य पालन याना

परया दु:खे करुणा तसे
थ:म्हं फूगु उपकार याना
लोभ व तृष्णा तुगलं चीका
धात्थे उपासिका जुया च्वना ।

वासलं थीवं रोग लनीथें
छें यागु लक्षण, भिंके याना
सुखं जीवन हंगु खनेवं
ज:त्वा खलानं विहारे वन ।

गुरुं स्यों थें शिष्य भचा सैथें
थ: मचाखाचा नं भिंना वल
माँ-बौ पिंथे विहारे वना
शील कायेगु नं सया वल ।



Downloaded from http://www.dhamma.digital

### श्रद्धाञ्जली

नगदेश बौद्ध समूहको आयोजनामा हिजो बेलुका नगदेश बुद्ध विहार भवनको हलमा समूहका उपाध्यक्ष श्री दीपक राज साँहपालज्यूको अध्यक्षतामा नेपालका जेष्ठ भिक्षु संघ नायक शाक्यानन्द महास्थविरज्यूको ८७ वर्षको उमेरमा २०५४ कार्तिक ८ शुक्रबार विहान ८:३० बजे देहावसान हुनुभएकोले उहाँको पुण्य स्मृतिमा पञ्चशील प्रार्थना गरी एक (१) मिनेट मौन धारण गरी भावपूर्ण शोक श्रद्धाञ्जली व्यक्त गऱ्यो । उक्त शोक सभामा नगदेश बौद्ध समूहका उपस्थित सम्पूर्ण पदाधिकारी सदस्यहरूले वहाँको त्याग, योगदान र गुणको संस्मरण गरी वहाँको फोटोमा भावपूर्ण पुण्य-अर्पण गरी सद्गति र निर्वाणको कामना समेत गऱ्यो भने उक्त शोक सभामा समूहका सचिव श्री कृष्ण कुमार प्रजापतिले श्रद्धेय संघनायक भिक्षुको जीवनीको बारे चर्चा गरी वहाँबाट सिक्नु पर्ने जस्ता विषयमा गुणानुस्मरण र गुणानुकरण गर्नु पर्ने बारेमा प्रकाश पार्नुभयो ।

श्रद्धेय संघनायक भिक्षु शाक्यानन्द महास्थविर ज्यूको करकमलबाट गत २०४५ भाद्र महिनामा नै नगदेश बुद्ध-विहार भवनको पावन शिलान्यास कार्य सम्पन्न भएको समेत संस्मरण गराई वहाँको गुणानुकरण र गुणानुस्मरण गर्नुपर्ने कुरो व्यक्त गरी शोकसभा सम्पन्न भएको थियो ।

### स्व.भन्ते शाक्यानन्दको शोकसभा

२०५४ कार्तिक १५ गते श्री शाक्यमुनि विहार टक्सार भोजपुरमा एक शोकसभाको आयोजना भएको थियो । उक्त शोकसभामा गत २०५४/७/८ गते स्व.संघनायक भन्ते शाक्यानन्दज्यूको असामयिक स्वर्गारोहण भएको थियो । उक्त सभालाई सम्बोधन गर्दै श्री देवराज शाक्यज्यू अगाडि भन्नुभयो- "स्व. भन्ते वि.सं.१९६७ सालमा जन्मनु भै २०५४/७/८ गते पाल्पा मिसन अस्पतालमा स्वर्गारोहण भएको यस दुखद घटनाले नेपालको थेरवादि धर्मलाई ठूलो क्षति भएको र वहाँले संघनायक जस्तो उच्च पदमा पुग्नु भै करीव ८७ वर्षको उमेरमा लगभग ६५ वर्षसम्म भिक्षु हुनुभै बुद्ध धर्ममा, योगदान गर्नु भएको कुरा व्यक्त गर्नुभयो । प्रवचनकै क्रममा स्व. भन्ते शाक्यानन्दज्यू, बौद्ध दर्शनमा एक विद्वान, ज्ञानवैरागी, स्पष्ट वक्ता र त्यागि, स्वभावको हुनुहुन्थ्यो । विगत राणाकालीन अवस्थामा भोजपुर आउनु हुँदा, पारपानी भन्ने स्थानबाट, मिल्सीयाहरूले पकडाउ गरी जेलको यातना दिएको कुरा विस्तृत रूपमा सम्झाउनु भयो ।

स्वर्गारोहण भएकै दिनदेखि एक हप्तासम्म, वहाँको गुणस्मरण गरी सप्ताहव्यापी परित्राण पाठ गरी पुण्यानुमोदन पश्चात् प्रसाद वितरण गरी सभा सम्पन्न भएको थियो ।

### धर्मप्रचार

**बु.सं.२५४० वर्षको पुरस्कार वितरण समारोह सुसम्पन्न**

बुद्ध, बुद्ध धर्म र बौद्ध संस्कृति सम्बन्धी अध्ययन अध्यापन ३४ वर्ष देखी संचालन गर्दै आएकोमा बु.सं.२५४० अर्थात् वि.सं. २०५३ वर्षको पुरस्कार, पदक तथा प्रमाण-पत्र वितरण समारोह नेपाल बौद्ध परियत्ति शिक्षाको केन्द्रीय कार्यालय पाटन पटको स्थित मणिमण्डम विहारमा २०५४/८/७ दिनमा सम्पन्न भयो । पुरस्कार वितरण समारोहमा प्रमुख अतिथि शाही थाइराजदूत प्रेक्षा प्रितिशान्तले परियत्ति कोविद, सद्धम्मपालक उपाधि परीक्षा र प्रवेश तथा प्रारम्भिक परीक्षाका बोर्ड आउने र प्रथम श्रेणीमा उत्तीर्ण हुनेहरूलाई प्रमाणपत्र तथा पुरस्कार वितरण गर्दै भन्नुभयो-

अखिल नेपाल भिक्षु महासंघद्वारा वि.सं.२०२० सालदेखी संचालन भइरहेको यस नेपाल बौद्ध परियत्ति शिक्षाबाट धार्मिक शिक्षाको साथै सामाजिक क्रिया कलापहरू भइरहेकोमा सन्तोष व्यक्त गर्नुभयो । यसै क्रममा थाइलैण्डमा सम्पूर्ण धार्मिक गतिविधि थाई सरकारको मान्यता अनुसार शिक्षा मन्त्रालय अन्तरगत छुट्टै एउटा धार्मिक विभागद्वारा रेखदेख गरिन्छ । स्कूल देखी विश्वविद्यालयसम्म प्रवजीत र गृहस्थीहरू सबैलाई धार्मिक शिक्षा दिइराखेको हुन्छ । यस्तै वहाँले भगवान बुद्धको पालादेखी बौद्ध धर्मको माध्यमबाट आमजनतालाई



Downloaded from http://www.dhamma.digital

शिक्षा दिने परम्परा चलिआएको छ भन्नुभयो । विशेषत: बौद्ध ध्यानभावना अध्ययन र अभ्यासको माध्यमबाट बौद्धहरूले मात्र होइन अबौद्धहरूले पनि सुख शान्ति पाउन बुद्ध धर्ममा अभिरुचि राख्ने क्रम बढ्दै छन् भनी बुद्ध धर्मको औचित्य बारे प्रकाश पार्नुभयो ।

अन्तमा वहाँले भगवान बुद्धको सद्धर्म अध्ययन र अभ्यास गरी भौतिक र आध्यात्मिक लाभ गर्न सकोस् भनी शुभकामना पनि व्यक्त गर्नुभयो ।

दिवंगत संघमहानायक प्रज्ञानन्द महास्थविरको स्मृतिमा स्थापित "प्रज्ञानन्द स्मृति सिरिपा:" कोषको तर्फबाट भिक्षु धर्मपालले उपाधि परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई र सानुराजा शाक्यले आफ्नो तर्फबाट बोर्ड प्रथम हुने सबै विद्यार्थीहरूलाई नगद पुरस्कार वितरण गर्नुभयो । त्यस्तै विभिन्न दाता महानुभावहरूबाट बोर्ड आउने विद्यार्थीहरू सबैलाई शिल्ड प्रदान गर्नुभयो ।

अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष भिक्षु सुदर्शन महास्थविरको सभापतित्वमा भएको यस समारोहमा नेपाल बौद्ध परियत्ति शिक्षाका शिक्षाध्यक्ष भिक्षु बुद्धघोष महास्थविरले स्वागत भाषण गर्नु भएको र अखिल नेपाल भिक्षुमहासंघका महासचिव भिक्षु ज्ञानपूर्णिक महास्थविरले संसारीक भौतिक शिक्षाका साथै नैतिक र आध्यात्मिक शिक्षाको नितान्त जरुरत भएको कुरा औंल्याउनु भयो । बौद्ध परियत्ति शिक्षाको कोविद उपाधि परीक्षामा उत्तीर्ण हुने श्री महेन्द्र रत्न शाक्यले परियत्ति शिक्षाको अध्ययन बारे आफ्नो अनुभव व्यक्त गर्नुभयो ।

नेपाल बौद्ध परियत्ति शिक्षा केन्द्राध्यक्ष भिक्षु शीलभद्र महास्थविरले यस वर्ष उपाधी परीक्षा सहीत जम्मा १० स्तरमा विभिन्न १७ वटा परीक्षा केन्द्रबाट ९१६ जवानले आवेदन दिने मध्ये ६९१ जवान परीक्षामा उत्तीर्ण भएका रिपोर्ट प्रस्तुत गर्नुभयो । समारोहको प्रारम्भमा पंचशील प्रार्थनाबाट भएको र धन्यबाद ज्ञापन सहकेन्द्रीय परीक्षा नियन्त्रक भिक्षु धम्मशोभन महास्थविरले गर्नुभएको थियो । समारोहमा श्रीलंकाका कार्यवाहक राजदूत करुणादास सहीत सबै केन्द्रका केन्द्राध्यक्षहरू, विद्यार्थीहरू तथा शिक्षकहरू उपस्थित थिए ।

प्रचार प्रसारका लागि अनुरोध सहीत सहयोगको लागि धन्यवाद ।

### सुगतपुर विहार

गत कार्तिक ३० गते नुवाकोट त्रिशूलीमा अवस्थीत श्री सुगतपुर विहारमा कतिंपुन्ही बर्षावासको अन्तिम दिन शील प्रार्थना गरी बुद्ध पूजा गरीएको थियो ।

यसपाली सुगतपुर विहारमा मित्र राष्ट्र थाईलाण्डका भिक्षु प्रसीत स्थविर, भिक्षु पात र भिक्षुणीहरू (१) मुक्दा (२) थिफहवन (३) सोम खुवान बर्षावास, बस्नु भएको थियो अरु दिन वहाँ भिक्षुहरूलाई सुगतपुर विहार दायक परिषदले चिवर बस्त्र सो समयमा श्रीमती मोहनमाया शाक्य, श्रीमती हीराज्यान शाक्य र श्रीमती सीता महार्जनहरूले गुरुमाँहरूलाई दोसल्ला (पछ्यौरी) ओदाई सम्मान गर्नु भएका थिए ।

सोही अवसरमा सुगत बौद्ध मण्डलका अध्यक्ष बोधिरत्न शाक्यले भगवान गौतम बुद्धले बोधिज्ञान लाभ गर्नु भै ४५ बर्ष सम्म निरन्तर देव, मनुष्यहरूलाई निर्वाण (मोक्ष) मार्गको धर्मदेशना गर्नु भएको थियो । अन्तिम दिन पावामा चुन्द नकर्मी पुत्रको अन्तिम भोजन गर्नु भै कुशीनगरको दुंई साल बृक्षको विचमा महापरिनिर्वाण हुने समयमा पनि शुभद्र परिब्राजकलाई अन्तिम उपदेश दिनुभै वहाँलाई अरहत मार्गमा प्रतिस्थित गरी अन्तिम श्रावक बनाई शुभद्रलाई उद्धार गर्नु भै ८० (असी) बर्ष पूर्ण भएको दिन बैशाख पूर्णीमाको दिन रात्रीको तृतीय प्रहरमा अनुपादिशेष महापरिनिर्वाण हुनुभएको थियो । अन्तिम शिष्य शुभद्र श्रावक पनि भगवान गौतम बुद्ध सँगै परिनिर्वाण भएको थियो भन्नुभयो । वहाँले बर्षावास तीन महिनासम्म प्रत्येक अष्टमि, अमाई, पूर्णिमाको दिन बुद्ध जीवनी धर्मदेशना गर्दै आउनु भएको थियो । सो अवसरमा सुगत बौद्ध मण्डलका सदस्य रत्नकाजी बज्राचार्यबाट उपस्थित जनसमूहलाई र तीन महिनासम्म सुगतपुर विहारमा बर्षावास बस्नु हुने मित्र राष्ट्र थाईलाण्डका भिक्षु, भिक्षुणीहरूलाई चतु प्रत्येय द्वारा सेवा गर्नु भएकाहरूलाई धन्यवाद दिनुभएको थियो । उपस्थित उपासक उपासिकाहरूलाई दायक परिषदले जलपानको व्यवस्था गरिएको थियो ।

उक्त सभाको सञ्चालन सुगत बौद्ध मण्डलका सह सचिव पुरूषोतम शाक्यले गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

**भिक्षु अश्वघोष IRFWP को वाशिङ्टन सम्मेलनमा**

भिक्षु अश्वघोष महास्थविर संयुक्त राज्य अमेरिकाको राजधानी वाशिङ्टनमा पाँचौं Inter Religious Federation for World Peace सम्मेलन 25 Nov 97 देखि 30 Nov सम्म भएको कार्यक्रममा नेपालको प्रतिनिधित्वगरी भाग लिनुभयो । वहाँले पनि आफ्नो मन्तव्य भाषण दिनुभएको समाचार छ। हाल वहाँ राजधानी काठमाडौं फर्कनु भैसकेको छ ।

*( वहाँको मन्तव्य भाषण यसै अंकमा छापिएको छ । )*

## बुद्धको शान्ति सन्देश

[ हालसालै 25 Nov 97 देखि 30 Nov सम्म पाँचौं Inter Religious Federation for World Peace सम्मेलन संयुक्त राज्य अमेरिकाको राजधानी वाशिङ्टनमा सम्पन्न भयो । उक्त सम्मेलनमा प्रतिनिधि भई भाग लिन जानुभएका भिक्षु अश्वघोषले दिनुभएको आफ्नो मन्तव्य भाषणको नेपालीमा अनुवाद ]

सर्वप्रथम म "विश्वशान्तिका लागि अन्तर धार्मिक महासंघलाई" धन्यवाद दिन चाहन्छु जस्ले मलाई सबै धर्मका धार्मिक तथा आध्यात्मिक नेताहरूका महान जमघट समारोहमा सहभागी हुन सुअवसर प्रदान गरेको छ ।

भगवान् बुद्धका उपदेशहरू विश्वशान्तिका लागि अति उपयोगी छन् । राजपरिवारमा जन्मिनु भएका राजकुमार सिद्धार्थले मानवका दु:ख-दर्द र पीडालाई हृदयंगम गर्नु भयो र त्यसपछि सत्यको खोज र शान्ति प्राप्तार्थ सम्पूर्ण राज वैभव सुख त्यागी महाभिनिष्क्रमण गर्नुभयो । अनि बुद्धत्व ज्ञान लाभ गरी बुद्ध हुनुभयो र शान्तिगामी सत्मार्ग पहिल्याउनु भयो । आन्तरिक र बाह्य शान्ति प्राप्तिका लागि बुद्धद्वारा प्रदर्शित शान्ति सन्देश-मध्यममार्ग हो ।

बुद्धका उपदेशहरूको सार तत्त्व नै चतुर आर्यसत्य हुन् । दु:ख छ, दु:खका कारण हुन्छन्, त्यसलाई निर्मूल गर्न सकिन्छ भने निराकरण गर्ने मार्गहरू (उपाय) पनि छन्- यही चतुर आर्यसत्य हुन् । मुख्य कुरा त के भन्दा दु:खको यथार्थ कारण पत्ता लगाउनु पर्दछ र अनि वास्तवमै दु:खबाट छुटकारा पाउने हुन्छ, परिणामत: वास्तविक सुख शान्ति प्राप्त गर्न सकिने हुन्छ ।

हामीमा सम्यक दृष्टि र आपसी समझदारीको कमीले गर्दा दु:ख-दर्द, झैझगडा र वैमनश्यता र कठिनाइहरू रहेका छन् । सहयोगी भाव र पारस्परिक समझदारी तथा सही मूल्यांकन र आत्मालोचनाको पनि कमी देखिन्छ भने हामी आफ्ना गल्तीहरूलाई स्वीकार गर्न हिच्किचाउँछौं । यी कुराहरूले गर्दा नै दु:ख (वेमेल), झैझगडा र तनाव रहेका हुन् । शान्तिका लागि अर्का मुख्य अवरोध नै सच्चा प्रेम र करुणाको कमी हुनु हो । जस्ले गर्दा मानवका बीच साम्प्रदायिकता, घृणा र विभाजनको स्थिति तेर्सिएका छन् । गरीबीको व्यापकता र असमान रूपमा गरीने साधनको वितरणले गर्दा पनि सुख-शान्ति प्राप्त हुन सकेको छैन । बुद्धले बताउनु भएको छ कि सामाजिक व्यवधान (कठिनाइ) र अपराधको मूल कारण नै गरीवी हो ।

आपसमा गरीनु पर्ने मर्यादाको पालना गर्ने, ठीक समझदारीपनाको विकास, प्रेम र करूणालाई बृद्धि गर्दै आपसी सहयोग र आदान प्रदानको भाव विकास गरी निष्पक्ष एवं न्यायसंगत समाजको स्थापनार्थ बुद्धले हामीलाई उपदेश दिनु भएको छ ।

यस सम्मेलनले विश्वका सबै धर्मका धार्मिक एवं आध्यात्मिक नेता तथा धर्मगुरुहरूलाई एकसूत्रमा आबद्ध गराएको छ । आपसी मेलमिलाप, विचार र भावनाको आदान प्रदान, पारस्परिक मर्यादा र समझदारीपूर्ण यस जमघटले सबैलाई समीपमा ल्याएको छ जस्ले गर्दा आ-आफ्ना अद्वीतिय मूल्य र मान्यता एवं विश्वास र परम्परा जुन रहेका छन् तिनीहरू सबैका भित्री सतहमा समानता रहेका कुरा थाहा हुन्छ । निश्चित रूपमा यस्ता प्रकृयाहरू नै शान्ति र सुखका लागि उपज सिद्ध भएका छन् । यस प्रकारको प्रथा महत्त्वपूर्ण मात्र नभएर सबैले यसलाई प्रशंसा पनि गर्दछन् । अन्तमा पुन: म एकपटक सम्मेलनका आयोजकलाई साधुवाद तथा हार्दिक धन्यवाद टक्र्याउँदछु ।

धन्यवाद !

**ज्ञानमाला संघया स्वर्णजयन्ती**

यलया यशोधर महाविहार बुबाहा:या ज्ञानमाला भजन संघ थुगुसी ५० दँ क्यंगुया लसताय् ध्व हे वंगु कार्तिक २१ गते ज्ञानमाला भजन संघ, बुबाहा:या स्वर्ण



Downloaded from http://www.dhamma.digital

जयन्ती समारोहया समुद्घाटन जुल । अखिल नेपाल भिक्षुमहासंघया नायो श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविर भन्तेपाखें थुगु समारोहया उलेज्या याना बिज्यात । थुगु समारोह कार्तिक २१ गते निसें कार्तिक २७ गते तक न्ह्या:गु ज्याझ्वले दकले न्हापां शील प्रार्थना लिपा लसकुस न्वचु स्वर्ण जयन्ती समारोह समितिया नायो एवं यल उप-महानगर पालिकाया नगर प्रमुख भाजु बुद्धिराज वज्राचार्यं बिया बिज्यात । नापं समारोहया उलेज्या जुल । अले ज्ञानमाला भजनया छपू म्ये हाले धुंका श्री ५ महाराजाधिराज सरकार पाखें छ्वयाहया बिज्या:गु स्वर्ण जयन्तीया सफलताया सन्देश समितिया नायो भाजुं ब्वना न्यंका बिज्यात ।

थुगु समारोहस " ज्ञानमाला स्वर्ण विशेषाङ्क " स्मारिका विमोचन श्रद्धेय भन्ते कुमार काश्यप महास्थविरपाखें याना बिज्यात । श्रद्धेय भिक्षु बुद्ध घोष महास्थविर पाखें धर्म देशना याना बिज्या:गु थुगु समारोहस थनया ज्ञानमालाय् ग्वहाली (नीस्वंगु इलंनिसें) याना व:गु कदर स्वरुप २ निम्हसित व टोल भजनया गुरु जुजुभाई बज्राचार्ययात दोसल्ला न्यय्का हना-पौ देछाया स-सम्मान या:गु जुल । निम्ह सम्मानितपिं व्यक्तिपिं संगीतज्ञ कान्छाबुद्ध बज्राचार्य व नगर प्रमुख यलया भाजु बुद्धिराज वज्राचार्य ख: । समितिया छ्याञ्जे भाजु हेराकाजी वज्राचार्य पाखें प्रतिवेदन प्रस्तुत यातसा सुभाय न्वचु भजन उप-समितिया संयोजक पौढषधर वज्राचार्य पाखें व्यूगु जुल ।

यशोधर महाविहारया थकालि हनेबह:म्ह चक्रेश्वर आजु हर्षदेव वज्राचार्यया सभापतित्वे जूगु ख: । कार्तिक २२ गते निसें कार्तिक २७ गते सुथय् तक ज्ञानमाला भजनं जुइगु ज्याझ्व दु । यें, यल, ख्वप व तानसेन पाल्पायागु नापं याना २२ गू ज्ञानमाला भजन खल: पिनिगु पाखें थन भजन प्रस्तुत जुल ।

## ज्ञानमाला रत्नवत सिरपा ल:ल्हाइगु

ज्ञानमाला भजन खल: स्वयम्भूया पुलांम्ह नायो भाजु दि.रत्न बहादुर तण्डूकारजु थ:म्वाना चवँबले छगू लाख तका अक्षय-धुकू स्वना: नीस्वनादीगु "ज्ञानमाला रत्नवत सिरपा" (प्यक्वगु) थुगुसिइ भिक्षु सुबोधानन्द महास्थविर, न्ह्याइपु ज्ञानमाला भजन, पांगा व हेराकाजी सुइका (शाक्य) नागबाहा:यात बिइगु सिरपा समितिं क्व:छिउगु दु ।

छगू लाख तकाया अक्षय-धुकू पाखें वइगु ब्याज स्वब्व थला: बिइगु थुगु सिरपा नापं पौभा दसि-पौ बिइगु चलन दु ।

ज्ञानमाला न्हापांगु राष्ट्रिय सम्मेलन जूगु ने.सं. १११४ पोहेंलागा दुतिया लुमन्ति दँ हनेकथं न्ह्याका वयाच्वंगु सिरपा इनेज्या थुगुसिइ ज्ञानमाला भजन खल: स्वयम्भू नीस्वंगु ख्वीदँ क्यंगु 'भद्र जयन्ती' हनेगु मूज्याझ्व: नापं लाका: थ्व हे ने.सं. १११८ पोहेलाथ्व त्रियोदशी सनिवा: (२०५४ पुस २६) राष्ट्रिय सभागृह, भृकुटी मण्डपे लल्हाय्गु ज्याझ्व: जूगु दु ।

बुद्ध धर्म विकासे तिब: बिया बिज्यापिं भिक्षु वा भिक्षुणी मध्ये छम्ह, ज्ञानमाला भजन खल: व ज्ञानमाला भजनयात तिब: बिइगु ज्या या:पिन्त सिरपा ल: ल्हाय्गु सिरपा स्वनामिया तातुना ख: ।

भिक्षु सुबोधानन्द महास्थविर ज्ञानमाला भजन म्ये, दकले आपा: च्वया बिज्या:म्ह, भजन म्येया प्रचार कथं बुद्धधर्म विकासे तिब: बिया बिज्या:म्ह ख: ।

न्ह्याइपु ज्ञानमाला भजन खल:, पाँगा ज्ञानमाला भजने पुलांगु धा: बाजायात तालवाद्य कथं छ्यला: ज्ञानमाला भजन हालेगु याना: पुलांगु बाजँया संरक्षण व प्रयोगयात च्वछाय्वहकथं छ्यलावयाच्वंगु ख: ।

हेराकाजी सुइका न्ययनिदँ न्हयवंनिसें ज्ञानमालाय् मदिक्क ज्या सना ज्ञानमाला भजन विकासय् तिब: बिइगु नापं थेरवाद बुद्ध शासन न्ह्यज्याके ज्या, आनन्दभूमि, धर्मकीर्तिथें जा:गु बौद्ध लय्पौया ग्राहक दयेका, बौद्ध न्ह्यस: लिस: कासा नीस्वने ज्या नापं आपालं विहार, बौद्ध संघ संस्था नाप क्वातूगु स्वापु तया वयाच्वंम्ह बौद्ध उपासक ख: ।

नेपा:या भिंगुंगू जिल्लाय् व पिने कालिम्बुङ्गय् नापं याना ख्वीच्यागुलिं मल्याक ज्ञानमाला भजन खल: दु । ज्ञानमाला स्वक्वगु राष्ट्रिय सम्मेलन आकिवं ख्वप जिल्लां याइगु दु ।

### मज्झिमनिकाय सफू पिदन

बुद्धया मुक्कं उपदेशित शिक्षात सूत्रपिटके दुथ्याना च्वंगु दु । उकी दीघ निकाय, मज्झिम निकाय,



Downloaded from http://www.dhamma.digital

संयुक्त निकाय, अंगुत्तर निकाय व खुद्धक निकाय धका न्यागू निकाय ब्वथला त:गु दु । थुकी मध्ये दीघ निकाय डुण्डबहादुर बज्राचार्यं अनुवाद याना छापे याना नं फुइन । आ: वयां क्वे यागु मज्झिम निकायया अनुवाद जुया वस्पोलया परिवारं छापे याना बिल । वहे सफू मंसीर २८ गते यलया रत्नाकर विहारे छगू भव्य समारोह याना त्रि.वि. या वाइसचांस्लर कमलकृष्ण जोशीजुं उद्‌घाटन याना दिल । उबले वयक:नं धया दिल बुद्ध नेपाले जन्म जुम्ह जूसां नं नेपा: धर्म सहिष्णुता वा धर्मनिर्पेक्षतां तापाना च्वंगु दु । बुद्ध नेपाले हे जन्मजूगुलिं बुद्ध धर्म विदेशं झिके यानात:गु धर्म मखु । झीगु थ:गुहे धर्म ख: । वयकनं थ्व नं धयादिल– बुद्ध धर्म अध्ययन याय्‌यु बुद्धिस्ट रिसर्च सेन्टर छगू नं चाय्‌केगु बारे खँजुया च्वंगु दु । ज्या नं जुया च्वंगु दु ।

प्रकाशकपाखें पवित्रबहादुर बज्राचार्यं लसकुस न्वचु बीधुंका डुण्डबहादुर बज्राचार्य थ:गु नुग:खँ प्वंका थ:त माँ भाय्‌ योगुलिं नेवा भासं अनुवाद यानागु ख: धया बिज्यात ।

प्रा. आशाराम शाक्यं त्रिपिटक गुकथं दया वोगु बारे इतिहासया खँ प्वंका बिज्यात । प्रकाशक परिवारया अशोक बज्राचार्यं सुभाय्‌ बीधुंका सभापति आसनं भिक्षु सुदर्शन महास्थविरं मज्झिम निकाय्‌या महत्व बारे ब्याख्या याना बिज्यात ।

सफू विमोचन जूगु थासे थथेनं चर्चा जूगु न्यने दु– धर्म प्रचारया लागी खँय्‌भासं अनुवाद याय्‌मागु । नेवात जक बौद्ध मखु । अन हे छम्हेस्यां धाल– हँ खँय्‌तसें नेवाभासं छापे मया: अंग्रेजतसेंनं अंग्रेजी हे छापे याइ । झीपिं नेवातसें नं नेवा भासं मखा छापे याइ थाल हँ ।

**अक्कोधेन जिने कोधं–असाधुं साधुना जिने ।**
**जिनेकदरियं दानेन– सच्चेन अलिकवादिनं ॥**

"अक्रोधं क्रोधयात त्याके मा:, मभिंगु याह्मसित भिंगु याना त्याके मा:, नुग: स्याह्मसित दान बिया त्याके मा:, झुठावादीयात सत्यवादी जुया त्याके मा: ।" - *धम्मपद*

## सम्यक गीत माला

### "आमा"

**भिक्षु विशुद्धानन्द**

नयाँ जन्म दिने आमा नै रहेछ
जीवनमा धोका दिएर भएपनि

सफलतामा भर पर्नु नहुने रहेछ
मात्र सजाउने पुरस्कार भएपछि
भरपर्ने मित्र खोज्नु नपर्ने रहेछ
असफलतासंग मिलन भएपछि
बरदान दिने ढुङ्गा देवता नै रहेछ
बाटोमा ठक्कर खुवाएर भएपनि

संजीवनी बुटी सहजै पाइने रहेछ
अहंकारलाई जित्न जाने पछि
सुखको लागि भौंतारिनु नपर्ने रहेछ
दु:खसंग प्रीति लाउन थालेपछि
आत्म निर्भर बनाउने गुरु नै रहेछ
मझधारमा नाउ डुबाएर भए पनि

### "विद्या"

मानिस चिन्न गाऱ्हो हुन्छ
गहिरिएर मित्रता नगरेसम्म
कसिमा घोटेपछि मात्र
सुनको शुद्धता थाहा हुन्छ

चट्टान संग आलिङ्गन गर्दा मात्र
शान्त नदीको धार थाहा हुन्छ
आवेशिएर ज्वालामुखी फुट्दा मात्र
सहनशील पृथ्वीको विकार थाहा हुन्छ

कुन महिला कति लज्जालु छिन्
अभिभावक टाडिए पछि थाहा हुन्छ
कुन पुरुष कति साहसिलो छ
परदेश लागेपछि थाहा हुन्छ

समस्या अपमानको बादल ढाकोस्
सन्तको महानता थाहा हुन्छ
छोराछोरीमा दु:ख आइ परोस्
आमा बाबुको ममता थाहा हुन्छ



Downloaded from http://www.dhamma.digital

## चीनमा प्रव्रज्या समारोह

चीनको CANTON शहरमा (गत २१ नोवेम्बर देखि १६ डिसेम्बर सम्म) संचालित कार्यक्रममा भिक्षु भिक्षुणीहरूको प्रव्रज्या समारोह सम्पन्न भएको छ । CHINESE BUDDHIST ASSOCIATION को तत्त्वावधानमा संचालित उक्त पवित्र कार्यक्रम चीनका CANTION CITY **स्थित** GUANG XIAO MONASTERY र WU JU NUNNERY मा सम्पन्न गरिएको थियो ।

श्रीलंकाबाट पवित्र भिक्षुणी शासन भित्र्याइएको चीन जस्तो कम्युनिष्ट देशले यस शासनलाई विना केही विघ्न बाधा हाल सम्म पनि सुरक्षित रुपले जोगाई रहन सफल हुनु एक प्रशंसनीय कार्य मान्न सकिन्छ ।

त्यसैले होला, चीनका धेरैजसो विहारका भिक्षु भिक्षुणीहरूले शील र विनयलाई हालसम्म पनि आदर गौरवपूर्वक अनुशासित भई रक्षा गरी आ-आफ्नो दैनिक जीवनमा प्रयोग गरिरहन सफल छन् । यस पवित्र कार्यलाई उहाँहरूको महानता मान्न सकिन्छ ।

त्यति मात्र होइन, बोधिसत्त्व (बुद्ध बन्नका लागि आवश्यक पारमिता धर्महरू पालना गर्ने व्यक्तिहरू) को आदर्शलाई अंगाली ती आदर्शलाई आफ्नो दैनिक जीवनको व्यवहारमा उर्तान कोशिस गरिरहने भिक्षु भिक्षुणीहरूको निश्वार्थ सेवा भावनाहरू सराहनीय देखिन्छन् । किनभने यही निश्वार्थ भावना नै हाम्रो जन्म र मृत्यु चक्रबाट मुक्ति पाउने बाटो मध्ये एक प्रमुख बाटो हो ।

स्मरणीय छ, CHINESE BUDDHIST ASSOCIATION द्वारा यस कार्यक्रममा नेपालको तर्फबाट भाग लिनका लागि DHARMODAYA SHABHA NEPAL को तर्फबाट निमन्त्रणा पठाइएको थियो । सोही निमन्त्रणा अनुसार नेपालका पाँच जवान एम्.ए. गुरुमांहरू (अनोजा, ञाणवती, सुजाता, कुशुम र वीर्यवती) आदिले सो समारोहमा भाग लिने मौका प्राप्त गरी यस पवित्र बुद्ध शिक्षालाई अध्ययन गरी फर्किनु भएको छ ।

## छलफल

२०५४ पौष ५ गते, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको साप्ताहिक शनिवारीय कार्यक्रममा गोष्ठीकै गतिविधि लगायत नेतृत्वको कमी र भविष्यमा यसको विकास गर्ने, संख्यात्मक भन्दा गुणात्मक सदस्यहरू बढाउने, गोष्ठीले विभिन्न गतिविधि सफल सम्पादन गरी सबको सामू एक उत्प्रेटक बन्ने, दक्ष र उत्कृष्ट वक्ताहरू ल्याई कक्षा संचालन गर्ने र सो को अभावमा स्वयं कक्षा संयोजकहरूले कक्षा लिने जस्ता गहन विषयमा वृहत छलफल गरियो ।

उक्त छलफल कार्यक्रममा उपस्थित सदस्यहरूले अगाडि सार्नु भएको विभिन्न समस्या, जिज्ञासा र प्रश्नहरूको जवाफ गोष्ठीका सम्बन्धित व्यक्ति एवं पदाधिकारीहरूले दिनु भएको थियो ।

उक्त कार्यक्रमको सभापति श्री अगम्य रत्न कंसाकार, संचालक श्री ज्ञानेन्द्र महर्जन र रिपोर्टर श्री इन्द्रमान महर्जन हुनुहुन्थ्यो ।

## आनन्दका शर्तहरू

प्रस्तुति : **हेराकाजी सुजिका**

बुद्धका स्थायी नीजि सेवक बन्नु अघि आनन्दले तलका आठ शर्तहरू राखेका थिए-

१. बुद्धलाई प्राप्त भएको चीवर आनन्दलाई नदिने ।
२. बुद्धलाई प्राप्त भएको भिक्षा आनन्दलाई नदिने ।
३. बुद्ध बसेको गन्धकुटीमा आनन्दलाई नसुताउने ।
४. बुद्धलाई व्यक्तिगत निमन्त्रणा गरेको ठाउँमा आनन्दलाई नबोलाउने ।
५. आनन्दले स्वीकार गरेको ठाउँमा बुद्ध निमन्त्रणामा जानु पर्ने ।
६. आनन्दले दर्शनार्थीलाई कुनै पनि समयमा बुद्धकहाँ ल्याउन सकिने ।
७. आनन्दलाई शंका लागेको कुरो कुनै पनि बेला बुद्धसंग सोध्न सकिने ।
८. आनन्द नभएको ठाउँमा उपदेश दिएको भए बुद्धले आनन्दलाई फेरी सुनाउनु पर्ने ।

Downloaded from http://www.dhamma.digital

वा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्ष.हु.नि.का.द.नं. - ६/०४२/०४३

समाचार समिक्षा

# धनगढीमा छैठौं राष्ट्रिय बौद्ध सम्मेलन सम्पन्न

१९ पुष २०५४, धनगढी, कैलाली । धर्मोदय सभाको तत्वावधानमा सम्माननीय प्रधानमन्त्री सूर्यबहादुर थापाले कैलाली स्थित धनगढीको खुलामञ्चमा पानसमा बत्ती बाली बौद्ध झण्डोत्तोलन गरी तीनदिने राष्ट्रिय बौद्ध सम्मेलनको समुद्घाटन गर्नुभयो ।

विहान १० बजे पछि लोकचक्र बुद्ध विहारबाट विशाल जनसमूह सहभागिता रहेको शान्ति पदयात्राले नगर परिक्रमा गरिसकेपछि पदयात्रीहरू खुलामञ्चमा पुगेका थिए । करीब २ घण्टासम्म नगर परिक्रमा गरिएको पदयात्रामा बुद्धको रथ, दुईवटा सजाइएका हात्ती, बुद्धको अस्थिधातु, भिक्षुगण, भिक्षुणीहरू, लामाहरू, बज्राचार्य गुरुहरू, गण्यमान्य, स्कूलका विद्यार्थीहरूका सहभागिता रहेको थियो । पदयात्रामा हिन्दू, मुस्लिम, शीख, क्रिश्चियन, वैष्णवी, ब्रम्हकुमारी आदि सम्प्रदायहरूको सहभागिता देखिन्थ्यो । यसरी नै थारू लोक संस्कृति झल्कने परम्परागत पोशाकमा नाचगान सहितको दृश्य हेर्न लाएकको मनोरम थियो । पदयात्रामा विद्यार्थीहरूकै सहभागिता देखिन्थ्यो ।

तोकिएको समयभन्दा करीव दुई घण्टा पश्चात २:१० बजे मात्र सम्माननीय प्रधानमन्त्री सूर्यबहादुर थापा आउनु भएपछि खुलामञ्चमा वहाँको प्रमुख आतिथ्यत्वमा र केन्द्रिय धर्मोदय सभाको अध्यक्ष लामा गुरु थङरुङ ग्याल्तुन रिम्पोछेको सभापतित्वमा छैठौं राष्ट्रिय बौद्ध सम्मेलनको समुद्घाटन समारोहको आयोजना गरियो ।

अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष भिक्षु सुदर्शन महास्थविरबाट पंचशील प्रदान गरिएपछि लामा गुरुहरू र बज्राचार्य बद्रि गुरुज्यूबाट स्वस्ति वाचन भएको थियो । विद्यार्थीहरूको स्वागत गान पछि सभाका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीले सम्बोधन गर्नुहुँदै भन्नुभयो– "नेपालको संस्कृति र सभ्यतालाई संवर्धन गर्नमा बुद्धधर्मको अद्वितीय देन रहेको छ । शील, समाधि र प्रज्ञामा आधारशील बुद्धधर्मले मानवमात्रको सुख, शान्ति र कल्याण गर्नको बाटोमा लम्कन ठूलो महत्त्व पुऱ्याएको छ । "विश्व सम्पदाको सूचीमा रहेको बुद्ध जन्मभूमिमा विश्वकै ठूलो शान्ति स्तूप निर्माण हुने खुशीको कुरा हो भन्नुहुँदै वहाँले जापानी भिक्षुको हत्या निन्दनीय भएको र श्री ५ को सरकारले वास्तविक हत्यारा खोजी गर्ने आश्वासन पनि दिनुभयो । यसरी नै बौद्ध संस्कृति र बुद्धधर्म Visit Year '98 को एउटा महत्त्वपूर्ण पक्ष रहेको कुरा पनि औंल्याउनु भयो ।

कैलालीका ५ जना जेष्ठ नागरिकहरूलाई प्रधानमन्त्रीले दोसल्ला ओढाई सम्मान गर्नुभएपछि त्रिपिटक ग्रन्थका अनुवादक श्री उपासक डुण्डबहादुर बज्राचार्यलाई "धर्मोदय धाम सन्मान" पुरस्कार प्रदान गर्नुभयो । यो पुरस्कार पाउने वहाँ पहिलो बौद्ध ब्यक्तित्व हुनुहुन्छ ।

उद्घाटन समारोहमा माननीय शिक्षा तथा संस्कृति मन्त्री शरदसिंह भण्डारी, द्वय माननीय सांसदहरू कैया चौधरी र महेश्वर पाठक, छैठौं राष्ट्रिय बौद्ध सम्मेलन तयारी समितिका अध्यक्ष प्रयागराज जोशीहरूले पनि मन्तब्य दिनुभएका थिए । धर्मोदय लुम्बिनी विहार तथा गुम्बा निर्माण समितिका सचिव पद्मज्योति कंसाकारले समितिको कार्यविधि प्रस्तुत गर्नुभयो । सम्मेलनका लागि श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेवबाट प्राप्त शुभसन्देश र मित्र राष्ट्रहरू श्रीलंका र थाइलैण्डका राजदूतावासबाट प्राप्त भएका शुभकामना सन्देश पढेर सुनाइएको थियो ।

सम्मेलन आयोजक धर्मोदय सभाका महासचिव डा. त्रिरत्न तुलाधरले प्रतिवेदन प्रस्तुत गर्दै लुम्बिनीको विकासमा राजनीतिकरण गर्न नहुने, नावातामेको हत्यारालाई कारवाही गरी शान्तिको स्थिति बनाई राख्नु र मायादेवी मन्दिरको छिटो पुनर्स्थापना गर्नु सरकारको जिम्मेवारी हो भन्नु भयो ।

समारोहको पछि प्रथम सेसनमा भिक्षु सुदर्शन महास्थविर र डा. केशवमान शाक्यको संयुक्त कार्यपत्र "प्राचीन कर्णाली क्षेत्रमा बौद्ध संस्कृति" प्रस्तुत गरिएपछि डा. त्रिरत्न मानन्धरले टिप्पणी गर्नुभयो र त्यसपछि कार्यपत्रका विषयमा समूहगत छलफल भयो ।

१९, २०, २१ गरी तीन दिने यस सम्मेलनमा निम्न चारवटा बुँदाहरूलाई छलफलको विषय बनाइएका थिए । (१) तराई क्षेत्रका गर्भस्थलमा रहेका पुरातात्विक महत्वका बौद्ध सांस्कृतिक क्षेत्रमा स्थलहरूको उत्खनन् तथा संरक्षण (२) लुम्बिनी विश्व सम्पदाको सूचीमा परेपछिको महत्व र गुरुयोजना (३) बौद्ध धार्मिक कर्मकाण्ड र सामाजिक अवस्थामा सुधारको खाँचो (४) बुद्ध र बौद्ध संस्कृति प्रति श्री ५ को सरकारको दायित्व ।

तीन दिनसम्म लोकचक्र बुद्ध विहारमा विहान पख बुद्धपूजा र धर्मदेशना भएको थियो । शुरूमा थेरवादी परम्परा अनुसार बुद्धपूजा भएको थियो । धर्मदेशना गर्नुहुँदै भिक्षु कोण्डन्यले भन्नुभयो– "बौद्ध सम्मेलनले नेपाली बौद्धहरूलाई एकाएन सूत्रमा आवद्ध गर्ने काम गर्ने हुन्छ । सम्मेलन भनेको मात्र भेटघाट र पुनर्मिलन समारोहको रूपमा हुनुहुँदैन । ठोस कार्य पास गर्ने मात्र नभएर कार्यरूप दिने तर्फ सजगता अपनाउनु पर्ने अपरिहार्यता देखिन्छ ।" २० गते र २१ गते क्रमशः माहायानी परम्परा अनुसार लामा गुरुहरूबाट र बज्रयानी विधि अनुसार बज्राचार्य गुरुहरूबाट पूजा-पाठ गरिएका थिए । पहिलो दिनमा स्वयम्भू ज्ञानमाला भजन र काठमाडौंकै बढी सहभागिता देखिन्थ्यो । दोश्रो र तेश्रो दिनमा सहभागीहरू एकदमै कम मात्र देखिन्थे । यसबाट स्थानीय जनताहरू सम्मेलन बारे अनभिज्ञ रहेको देखियो । धनगढीको बाटोमा सम्मेलनको चहलपहल खासै अनुभव गर्न सकिंदैन । स्थानीय जनता सहभागिताको कमीमा प्रचार-प्रसारको कमी रहेको कुरा स्वयं स्थानीय जनश्रुतिबाटै थाहा पाइयो ।

यसरी नै धनगढीका प्रसिद्ध वकिल उपासक श्री प्रेमलाल तुलाधर जीवन मरणको दोसाधमा मरणाशैय्यामा पुगीरहनुबाट यस सम्मेलनका हरेक पक्षमा वहाँको कमी भएको महसूस गरियो । उहाँ कैलाली जिल्लामा सक्रिय बौद्धोपासक एवं कैलाली धर्मोदयका अध्यक्ष हुनुहुन्छ ।

२१ गते साँझ छैठौं बौद्ध राष्ट्रिय सम्मेलन तयारी समितिका अध्यक्ष प्रयागराज जोशीको सभापतित्वमा र नेकपा एमालेका अध्यक्ष एवं प्रमुख प्रतिपक्षी दलका नेता माननीय मनमोहन अधिकारीको प्रमुख आथित्यत्वमा समापन समारोहको आयोजना गरियो । २०५६ सालमा सातौं बौद्ध राष्ट्रिय बौद्ध सम्मेलन लुम्बिनीमा गर्ने घोषणा गरियो ।

राष्ट्रिय बौद्ध सम्मेलनमा भागलिन आउनेहरू कमै मात्रमा सन्तुष्ट देखिन्थे । धर्मोदय सभाको काम, कर्तव्य र अधिकारका सवालमा सहभागिहरूका बीचमा गाईं-गाईं र गुईं-गुईंपूर्ण असन्तुष्टिका आवाज सम्मेलन भरी मात्र होइन फर्किने समयमा बसमा समेत सुन्न पाइएको थियो ।

[ समापन समारोहमा मनमोहन अधिकारीले दिनु भएको भाषण अर्को अङ्कमा ]

मुद्रक : "न्यू नेपाल प्रेस" • अफिस फोन : २५९०३२ फ्याक्स : (९७७-१) २५९४५०, प्रेस : ४२१४५०, ४१४७५३

Downloaded from http://www.dhamma.digital